# सहकारी तथा गरिबी निवारण मन्त्रालयको गतिविधि

(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) अनुसार प्रकाशित बुलेटिन)

वर्ष ३ Year 3 अंक ५ Vol. 5 पुस, २०७१ Dec, 2014




नेपाल सरकार

Government of Nepal

## सहकारी तथा गरिबी निवारण मन्त्रालय

## Ministry of Co-Operatives and Poverty Alleviation

# अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस कार्यक्रम

नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय, गरिबी निवारण कोष र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को संयुक्त आयोजनामा मिति २०७१ आश्विन ३१ गते (तदनुसार २०१४ अक्टोवर १७) का दिन **अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस**, नेपालमा पहिलो पटक सरकारी, गैरसरकारी, निजी क्षेत्रको सहभागितामा विविध कार्यक्रमको आयोजना गरी सम्पन्न गरिएको छ । यसै सन्दर्भमा सम्माननीय प्रधानमन्त्री एवं सहकारी तथा गरिबी निवारण मन्त्री सुशील कोईरालाको प्रमुख आतिथ्य तथा सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्रीधर गौतमज्यू को अध्यक्षतामा **Tackling Poverty: Road to Prosperity** विषयमा गोष्ठीको आयोजना गरिएको थियो ।

उक्त गोष्ठीमा मन्तव्य दिनुहुँदै सम्माननीय प्रधानमन्त्रीले २००७ साल पछि विकास निर्माणमा खर्च गर्नुपर्ने समय संघर्षमा विताउनु परेकोले उर्जा, कृषि, पर्यटन र जडीबुटीका क्षेत्रमा अपार संम्भावना हुँदाहुँदै पनि पछाडि पर्नु परेको कुरा उल्लेख गर्दै मुलुकमा शान्ति र स्थिरता आएपछि विकासको गतिले तीव्रता लिने कुरा बताउनु भयो । प्रधानमन्त्री सुशील कोइरालाले मुलुकमा शान्ति र स्थायित्व नहुँदा प्राकृतिक हिसाबले धनी मुलुक पनि गरिब बन्नु परेको बताउनु हुँदै संविधान निर्माणपछि मुलुकले शान्ति र स्थिरता पाउने बताउनुभयो । नेपाल लगानीको लागि आकर्षक क्षेत्र बन्दै गएकोले अहिलेको उपयुक्त समयमा लगानी गर्न विदेशी लगानीकर्तालाई वहाँले आग्रह पनि गर्नुभयो । शान्ति र स्थिरता कायम गर्न सकिए १० बर्षमा कायपलट गर्न सकिने भन्नु हुदैं प्रधानमन्त्री कोइरालाले राष्ट्रिय उद्योगपतिलाई पनि सहुलियत दिई प्रोत्साहन गर्ने र विदेशी लगानीकर्तालाई पनि उपयुक्त वातावरण निर्माण गर्ने काममा सबैलाई लाग्न आग्रह गर्नुभयो । नेपालमा अवसर सृजना गर्न सकिए लाखौंको संख्यामा युवाहरु मुलक बाहिरिने र उनीहरुको मृत्यु तथा दुर्घटनाका समाचार सुन्नु नपर्ने उहाँको भनाई थियो ।

उक्त गोष्ठीमा मुख्य सचिव लीलामणि पौडेलले गरिबी निवारण कार्यक्रमलाई लक्षित वर्गमा जति सुधार हुनुपर्ने हो त्यस ढंगले काम गर्न नसकेको भन्दै सरकारी निकायहरुबीच समन्वय गर्दै यस कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । हामी गरिब भयौं भन्दा पनि हामीसँग भएका प्राकृतिक सम्पदाको अधिकतम लाभ लिनेतर्फ सोचाई र कार्यक्रम बनाउनु जरुरी रहेको उहाँको भनाई थियो । पौडेलले विप्रेषण अर्थतन्त्रको दिगो आधार नभएकोले यसको विकल्पतर्फ बेलैमा सोच्नुपर्ने भन्दै रोजगारी सृजना गर्ने खालका लगानीलाई प्रोत्साहन गर्न जरुरी रहेको बताउनुभयो।
कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. जगदीश चन्द्र पोखरेल र डा. वीना प्रधानले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । डा. पोखरेलले शिक्षा, स्वास्थ्य र पोषणका क्षेत्रमा भएको सुधारका कारण गरिबी न्युनीकरणको सुचकमा पनि सुधार आएको तथ्य प्रस्तुत गर्दै यसलाई अझ ठोस र दिगो रुपमा अगाडि बढाउनु जरुरी रहेको बताउनुभयो । त्यसैगरी डा. प्रधानले महिला सशक्तिकरण र नेतृत्व विकासले समाज विकासमा महत्वपूर्ण भूमिका खेल्ने भन्दै महिलाले घरमा गर्ने कामको पनि आर्थिक रुपमा लेखाजोखा हुनुपर्ने बताउनुभयो ।
कार्यक्रममा गरिबी निवारण कोषका उपाध्यक्ष युवराज पाण्डेले हाम्रो दरिद्रताको स्थितिबाट माथि उठ्न साधन स्रोतको अधिकतम् प्रयोग जरुरी रहेको कुरामा जोड दिनुभयो । उहाँले गरिबीको मुद्दा र सफलताका कुराहरु उजागर गर्न आफूहरुले नेपाल आर्थिक पत्रकार समाज (सेजन) सँगको सहकार्यमा पुरस्कारको व्यवस्था गरेको बताउनुभयो ।
संयुक्त राष्ट्र संघका नेपाल स्थित अवासीय संयोजक जेमी म्याकगोल्ड्रिकले नेपालको गरिबी न्यूनीकरणमा आएको सुधारले सहश्राब्दी विकास लक्ष्य हाँसिलमा सहज बन्दै गएको भन्दै नेपालले विशेष गरी सामाजिक क्षेत्रमा राम्रो सुधार गर्न सफल भएको बताउनुभयो । सन् २०२२ मा विकासशील राष्ट्रको सूचीमा स्तरोन्नति हुन पनि नेपालले गरिबी न्यूनीकरणमा जोड दिनु जरुरी रहेको भन्दै उहाँले प्राकृतिक स्रोतको अधिकतम् प्रयोग, बहिष्कृत समुदायलाई मुलधारमा ल्याई राज्य स्रोतमा

सबै वर्ग, क्षेत्र समुदायको समान पहुँच कायम गर्न जोड दिनुपर्ने बताउनुभयो । उँहाले नेपालको गरिबी न्यूनीकरण र विकास प्रक्रियामा सहयोग गर्न संयुक्त राष्ट्र संघ र दातृ समुदाय प्रतिबद्ध रहेको सचेत बताउनुभयो ।

नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष सुरज बैद्यले देशमा कमजोर व्यवस्थापन र समयको सदुपयोग गर्न नसक्दा नेपाल पछि परेको हो भन्दै साझा आर्थिक विकासका मुद्दामा सरकार, राजनीतिक दल सहमत भई अगाडि बढ्नुपर्ने बताउनुभयो ।

सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्रीधर गौतमले कामलाई सम्मान गर्ने संस्कृतिको विकास गर्न सके गरिबी न्यूनीकरणमा सहयोग पुग्ने बताउनुभयो । कामका लागि विदेशिन खोज्ने युवाहरुलाई स्वदेशमै अवसरको सिर्जना गरी रोजगारी दिन सकिए त्यसले मुलुकको आर्थिक विकासलाई बल पुग्ने बताउनुभयो ।

अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसको अवसरमा मुख्य अतिथि प्रधानमन्त्री सुशील कोइरालाले गरिबी निवारण कोषद्धारा प्रदत्त गरिबी निवारण कोष राष्ट्रिय पत्रकारिता पुरस्कार यस बर्ष तीन जना पत्रकारलाई प्रदान गर्नुभयो । गरिबी निवारण कोष नेपाल आर्थिक पत्रकार समाजको सहकार्यमा गत बर्षदेखि प्रदान गर्न थालिएको उक्त पुरस्कारबाट यस बर्ष नेपाली राष्ट्रिय छापा माध्यमतर्फ कान्तिपुर दैनिकका राजु चौधरी, ईलेक्ट्रोनिक मिडियातर्फ रेडियो सूदुर आवाज, डडेलधुराका निर्मला ठकुराठी र मोफसलका संचारमाध्यमतर्फ मैथिली सन्देश साप्ताहिकका नागेन्द्रकुमार कर्ण सम्मानित हुनुभएको थियो । प्रधानमन्त्रीबाट जनही ४० हजार रुपियाँ राशीको उक्त पुरस्कार र सम्मानपत्र पत्रकारहरुलाई प्रदान गर्नुभएको हो ।

यसै उपलक्ष्यमा सहकारी तथा गरिबी निवारण मन्त्रालयको आयोजना र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको सहआयोजनामा राजनीतिक दलका प्रतिनिधिहरु, सभासदहरु, पत्रकारहरु तथा गरिबी निवारणको क्षेत्रमा कार्यरत विज्ञ व्यक्तिहरुको सहभागीतामा काठमाडौंमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्रीधर गौतमको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा गरिबी निवारणको क्षेत्रमा भएका असल अभ्यासहरु, अनुभवबाट सिकिएका पाठहरु र भावी नीति, योजना तथा कार्यक्रममा समावेश हुनुपर्ने विषयहरुका सम्बन्धमा विस्तृत छलफल भएको थियो ।

स्मरणीय छ, सन् १९८७ अक्टोबर १७ मा फ्रान्सको राजधानी पेरिसमा १ लाख भन्दा बढी व्यक्तिहरु भेला भएर अति गरिबी, हिंसा र भोकमरी बिरुद्ध आवाज उठाएको दिनको संस्मरणमा अक्टोबर १७ लाई अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसको रुपमा मनाउन थालिएको हो । सन् १९९३ को डिसेम्बर २२ मा संयुक्त राष्ट्रसंघको महासभाले उक्त दिनलाई अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसको रुपमा घोषणा गरेको थियो । तत्पश्चात सन् १९९३ देखि हरेक बर्ष अक्टोबर १७ लाई अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसको रुपमा मनाउने गरिएको हो । यो दिवसले गरिबी उन्मूलनको लागि सम्बन्धित सबै पक्षको प्रतिवद्धतालाई उजागर गर्दछ । यसले विश्वव्यापी रुपमा विद्यमान रहेको गरिबी र उत्पीडन उन्मूलनको लागि जनचेतना अभिबृद्धि गर्ने अपेक्षा गरिएको छ । यसै सन्दर्भमा यो बर्षदेखि नेपालमा पनि अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस मनाउन शुरु गरिएको हो ।

## सार्क विकास लक्ष्य (SDGs) २००५-२०१२ सम्बन्धी अन्तरक्रिया कार्यक्रम

दक्षिण एसियाली राष्ट्रहरुको क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रहरुको गरिबी निवारण सम्बन्धी तेस्रो मन्त्रीस्तरीय र पाँचौ सचिवस्तरीय बैठकको निर्णय अनुसार सदस्य राष्ट्रहरुले आफ्नो मूलुकको सार्क विकास लक्ष्य (२००५-२०१२) को Progress Report सार्क सचिवालयमा पेश गर्नुपर्ने उल्लेख भएअनुसार सार्क विकास लक्ष्यको मस्यौदा राष्ट्रिय प्रतिवेदनलाई अन्तिम रुप दिई सार्क सचिवालयमा पठाउने प्रयोजनार्थ विभिन्न मन्त्रालय तथा सरोकारवाला निकायहरुको सहभागितामा मिति २०७१।०६।१० गतेका दिन मन्त्रालयका सचिव श्रीधर गौतमको अध्यक्षतामा एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो । सो अन्तर्क्रिया कार्यक्रममा सूचना तथा संचार, उर्जा, महिला, बालबालिका तथा समाज कल्याण, श्रम तथा रोजगार, कानुन, न्याय,

संविधान सभा तथा संसदीय मामिला, संघीय मामिला तथा स्थानीय विकास, सहरी विकास मन्त्रालय लगायत अन्य सरोकारवाला निकायहरुको सहभागिता रहेको थियो ।

**राष्ट्रिय गरिबी निवारण नीति तर्जुमा सम्बन्धी राष्ट्रिय तथा क्षेत्रीय अन्तरक्रिया कार्यक्रम**

(क) सहकारी तथा गरिबी निवारण मन्त्रालय, एक्सन एड अन्तरार्ष्ट्रिय नेपाल र होमनेट नेपालको त्रिपक्षीय समझदारी-पत्रमा हस्ताक्षर भई राष्ट्रिय गरिबी निवारण नीति तर्जुमाको कार्यलाई अघि बढाईएको छ । सोही क्रममा मन्त्रालयले अन्तर मन्त्रालय/निकायगत सम्पर्क पदाधिकारीहरु वीच छलफल तथा अन्तर्क्रिया गरी राय/सुझाव लिने उद्धेश्यले मिति २०७१।५।२५ गतेका दिन मन्त्रालयका सह-सचिव एवं निर्देशक समितिका संयोजक सुरेश प्रधानको संयोजकत्वमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो । उक्त अन्तर्क्रिया कार्यक्रममा अर्थ, सुचना तथा संचार, उर्जा, महिला, बालबालिका तथा समाज कल्याण, श्रम तथा रोजगार, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र केन्द्रीय तथ्यांक विभाग लगायत अन्य सरोकारवाला निकायहरुको सहभागिता रहेको थियो ।

(ख) राष्ट्रिय गरिबी निवारण नीतिको मस्यौदा तर्जुमा गर्ने सिलसिलामा सहकारी तथा गरिबी निवारण मन्त्रालले एक्सनएड अन्तरार्ष्ट्रिय नेपाल र होमनेट नेपालसंगको साझेदारीमा मिति २०७१ साल असोज ३ गते देशमा रहेका विशिष्ट तहका नीति निर्माता, विषय विज्ञ र नेपाल सरकारका बरिष्ठ पदाधिकारीहरुसंग अन्तर्क्रिया गरी गोष्ठी सम्पन्न भयो।

कार्यक्रमको शुरुवातमा मन्त्रालयका उप-सचिव बिजुकुमार श्रेष्ठले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो भने सह-सचिव सुरेश प्रधानले अन्तर्क्रिया गोष्ठीको उद्देश्य र नीतिको मस्यौदा तर्जुमाका लागि मन्त्रालयले अघि सारेको कार्ययोजना माथि प्रकास पार्नुभएको थियो ।

सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्रीधर गौतमको अध्यक्षतामा बसेको उक्त अन्तर्क्रिया गोष्ठीमा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष त्रय प्रा. डा. जगदीश चन्द्र पोखरेल, प्रा. डा. पिताम्बर शर्मा र डा. रविन्द्रकुमार शाक्य, माननीय सदस्य प्रा. डा. गोविन्द नेपाल, पूर्व सदस्यहरु, नेपाल सरकारका बरिष्ठ कर्मचारीहरु र विषयगत विज्ञहरु समेतको सहभागिता रहेको थियो ।

प्रस्तावित राष्ट्रिय गरिबी निवारण नीति तर्जुमाको लागि विषयगत सुझावहरु संकलन गर्ने, नीतिले समेट्नुपर्ने मूलभुत विषयहरु एकीन गर्ने, नेपालको सन्दर्भमा गरिबीको बुझाई बारे समीक्षा गर्ने उद्देश्यले आयोजित उक्त अन्तर्क्रिया कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. गोविन्द नेपालले नेपाल सरकारको अवधारणा विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने राष्ट्रिय श्रम प्रतिष्ठानका अध्यक्ष डा. शिव शर्माले श्रमिक गरीबको दृष्टिकोणमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो अन्तर्क्रिया कार्यक्रमलाई पूर्व उपाध्यक्ष द्धय प्रा. डा. जगदीश चन्द्र पोखरेल र प्रा. डा. पिताम्बर शर्माले संयोजन गर्नुभएको थियो ।

(ग) राष्ट्रिय गरिबी निवारण नीतिको मस्यौदा तर्जुमा गर्ने सिलसिलामा सहकारी तथा गरिबी निवारण मन्त्रालय, एक्सनएड अन्तर्राष्ट्रिय नेपाल र होमनेट नेपालसंगको साझेदारीमा मिति २०७१ साल असोज २९ गते सरोकारवालाहरुसंगको सहभागितामा मध्यमाञ्चल क्षेत्रीय गोष्ठी राष्ट्रिय योजना आयोगका माननीय सदस्य बिमला राई पौड्यालको प्रमुख आतिथ्य तथा सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्रीधर गौतमको अध्यक्षतामा सम्पन्न भएको थियो ।

उक्त गोष्ठीमा 'महिला र गरिबी,' 'भूमि र गरिबी' 'युवा र गरिबी' र 'बहिष्करण र गरिबी' गरी ४ वटा कार्यपत्र उपर सम्बन्धित सरकारी निकाय, अभियानकर्ता, सरोकारवाला संस्थाहरु तथा गरिबीको पक्षमा वकालत गर्ने अधिकारकर्मीहरु सहित करिब ५८ जना अन्य सरोकारवालाहरुको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रमको शुरुवातमा मन्त्रालयका उप-सचिव बिजुकुमार श्रेष्ठले स्वागत मन्त्तव्य प्रस्तुत गर्नुभएको थियो भने सह-सचिव सुरेश प्रधानले कार्यक्रम माथि प्रकास पार्नुभएको थियो । सो अवसरमा बोल्दै राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष प्रा. डा. जगदीश चन्द्र पोखरेलले अव बन्न लागेको नीतिले देशमा व्याप्त गरिबी निवारणमा उल्लेखनीय योगदान दिने भएकोले यस्तो महान कार्यमा आ- आफ्नो तह र तप्काबाट उपयुक्त सुझावहरु प्रदान गरिदिनका लागि अनुरोध गर्नुभयो ।

उक्त गोष्ठीको प्राविधिक सत्रमा सर्वप्रथम 'महिला र गरिबी' विषयक कार्यपत्र राष्ट्रिय योजना आयोगका मा. सदस्य बिमला राई पौड्यालले प्रस्तुत गर्नुभएको थियो । उहाँले आफ्नो कार्यपत्रमा नेपालको गरिबी, यसका आयामहरु र खासगरी लैंगिक गरिबी माथि आफ्ना विचारहरु सहित अब बन्न लागेको नीतिले लिनुपर्ने मार्ग र यसको कार्यान्वयनको विधि र प्रक्रिया बारे मन्त्रालयलाई सुझाव दिनुभएको थियो । त्यसैगरी दोस्रो कार्यपत्र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह-सचिव गोपीकृष्ण खनालले 'बहिष्करण र गरिबी' शीर्षकमा प्रस्तुत गर्नुभएको थियो । उहाँले आफ्नो कार्यपत्र मार्फत गोष्ठीमा कसरी सामाजिक, आर्थिक, जातीय र भौगोलिकताका आधारमा समाजका विशेष क्षमता र अवस्थाका मानिसहरु बहिष्करणमा परेका छन् र त्यसबाट गरिबीको कुचक्रमा धकेलिएका छन् भनी अध्यावधिक तथ्यांकहरु सहित प्रस्तुत गर्नुभयो । उहाँले बहिष्करणमा परेकालाई लक्षित गरी नेपाल सरकारले आयोजना गरेका र भविष्यमा गरिने कार्यक्रमहरु बारे गोष्ठीमा उपस्थित सबैलाई सुचित गराउनुभयो र अन्तमा कसरी बहिष्करण कम गरी देशको गरिबी घटाउन सकिन्छ भनी नीतिमा समेट्नुपर्ने पक्षहरु सहितको सुझाव दिनु भएको भयो ।

उक्त गोष्ठीको प्राविधिक सत्रको दोस्रो खण्डमा 'भूमि र गरिबी' विषयमा आत्मनिर्भर स्वाबलम्बन केन्द्रका कार्यकारी निर्देशक श्री जगत देउजाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले देशको अर्थतन्त्रको मूलधार कृषि रहेको र कृषिका लागि जमिन आवश्यक हुने भएकाले भूमिमा कृषकहरुको स्वामित्व, पहुँच र नियन्त्रण सुनिश्चित गरी उपलब्ध जमीनलाई अधिकतम सदुपयोग गरी कृषि उत्पादकत्व बढाई गरिबी घटाउन सकिन्छ भन्ने तर्कका साथ आफ्नो भनाईहरु गोष्ठीमा राख्नुभयो । त्यसैगरी अन्तमा 'युवा र गरिबी' विषयक कार्यपत्र प्रजातान्त्रिक विश्व युवासंघको पूर्व उपाध्यक्ष योगेन्द्र शाहीले प्रस्तुत गर्नुभयो । उहाँले अहिले देशको कुल जनसंख्याको ठुलो हिस्सा युवाहरुको जनसंख्या भएता पनि कम्तिमा पनि ३० लाख युवाहरु विदेशिएका कारण एकातिर रेमिट्यान्सले देशको अर्थतन्त्रलाई टेवा दिएको भएता पनि अर्कोतिर देशको औद्योगिक विकास, कृषि र अन्य सामाजिक क्षेत्रमा नराम्रो असर परिराखेकाले सकेसम्म छिटो ती युवाहरुलाई देशमा फर्काउने गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने गरी कृषिलाई आधुनिकिरण गरी औद्योगिक र श्रम बजारमा सुधार गरी गरिबी निवारण गर्न सकिने तर्क राख्नुभयो । सो अवसरमा उहाँले पर्यटन, स्याउ, यार्सागुम्बा लगायतका जडिबुटीको प्रचुर संभावनाहरु भएकाले कर्णाली क्षेत्रलाई चरम गरिबीको क्षेत्रका रुपमा मात्र नहेरी संभावनाका दृष्टिले पनि हेरी नीतिको रणनीति बन्नपर्ने सुझाव दिनुभयो ।

अन्तमा प्रस्तुत भएका ४ वटै कार्यपत्र उपर उठेका प्रश्न, प्रतिक्रिया र विभिन्न व्यक्तित्वहरुबाट आएका विचारहरुको सार संक्षेप प्रा. डा. जगदीश चन्द्र पोखरेलले प्रस्तुत गर्नुभयो । सहकारी तथा गरिबी निवारण मन्त्रालयका सह-सचिव सुरेश प्रधानले गोष्ठीका सहभागीहरु, कार्यपत्र प्रस्तोताहरु लगायत सबैबाट सारगर्भित रायसुझाव प्राप्त भएको जानकारी दिदै धन्यवाद सहित गोष्ठी सम्पन्न भएको थियो ।

(घ) सहकारी तथा गरिबी निवारण मन्त्रालयको अगुवाई तथा एक्सनएड अन्तरार्ष्ट्रिय नेपाल र होमनेट नेपालसँगको सहकार्यमा राष्ट्रिय गरिबी निवारण नीति तर्जुमाको कार्यलाई अगाडि बढाईएकोमा विभिन्न चरणमा भएको विज्ञ तथा सरोकारवाला निकायहरुसंगको छलफल तथा अन्तर्क्रिया पश्चात नीतिको प्रारम्भिक मस्यौदा उपर छलफल गरी राय सुझाव प्राप्त गर्ने उद्देश्यले मिति २०७१ कार्तिक २४ गते यस मन्त्रालयका सह-सचिव सुरेश प्रधानको अध्यक्षतामा पूर्वाञ्चलस्तरीय क्षेत्रीय गोष्ठी विराटनगरमा सम्पन्न भयो ।

उक्त गोष्ठीमा 'गरिबीको बुझाई र अवधारणा', 'नीतिसंग सम्बन्धित केही प्रमुख सवाल', 'नीति मस्यौदा तर्जुमा प्रक्रिया' र 'प्रस्तावित नीतिको प्रारम्भिक मस्यौदा' गरी ४ वटा कार्यपत्र उपर सम्बन्धित सरकारी निकाय, अभियानकर्ता, पेशाकर्मी, प्राध्यापक, सरोकारवाला संस्थाहरु तथा गरीबहरुको पक्षमा वकालत गर्ने अधिकारकर्मीहरु, सम्बन्धित सरोकारवालाहरुको सक्रिय सहभागिता रहेको थियो ।

गोष्ठीको उदघाटन सत्रमा मन्त्रालयका उप-सचिव बिजुकुमार श्रेष्ठले सहभागीहरु तथा आमन्त्रितहरुलाई स्वागत गर्नुका साथै कार्यक्रम उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । गोष्ठीको उदघाटन सत्रमा बोल्नु हुँदै

मन्त्रालयका सह-सचिव सुरेश प्रधानले प्रस्तावित गरिबी निवारण राष्ट्रिय नीतिको प्रारम्भिक मस्यौदा उपर गोष्ठीमा उपस्थित सबै सहभागी अभियन्ताहरु र गरिबका लागि काम गर्ने प्रतिनिधिमूलक संस्थाका सहभागीहरुबाट उपयुक्त सुझावहरु दिई गोष्ठी सफल पार्न अनुरोध गर्नुभयो । सोही अवसरमा एक्सनएड नेपालका राष्ट्रिय निर्देशक बिमल कुमार फुँयालले सहकारी तथा गरिबी निवारण मन्त्रालयले राष्ट्रिय गरिबी निवारण नीति तर्जुमा गर्न लागेको र यस्तो महान कार्यमा एक्सनएड नेपाल र होमनेट नेपालले साझेदारीको रुपमा सहयोग पुर्याउन पाएकोमा खुशी व्यक्त गर्नुभयो । त्यसैगरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव ईश्वरराज पौडेलले पनि सहकारी तथा गरिबी निवारण मन्त्रालयले गरिबी निवारण नीति ल्याउन लागेकोमा खुसी व्यक्त गर्दै शुभकामना मन्तव्य दिनुभयो ।

उक्त गोष्ठीको प्राविधिक सत्रमा सर्वप्रथम 'गरिबीको बुझाई र अवधारणा' विषयक कार्यपत्र एक्सनएड अन्तरार्ष्ट्रिय नेपालका सरोज पोखरेलबाट, दोस्रो कार्यपत्र 'नीतिसंग सम्बन्धित केही प्रमुख सवाल' विषयमा होमनेटका कार्यकारी निर्देशक ओम थपलियाबाट, तेस्रो कार्यपत्र 'नीति मस्यौदा तर्जुमा प्रक्रिया' विषयमा मन्त्रालयका उप-सचिव श्री बिजुकुमार श्रेष्ठ र चौथो कार्यपत्र 'प्रस्तावित नीतिको प्रारम्भिक मस्यौदा' विषयमा कार्यदलका तीन जना सदस्यहरुद्धारा संयुक्त रुपमा प्रस्तुत गर्नुभएको थियो ।

कार्यपत्र प्रस्तुति पछि संचालित खुला छलफलमा उपस्थित सहभागीहरुले प्रस्तुत कार्यपत्र उपर आ-आफ्ना राय सुझाव, प्रतिक्रिया राखी प्रस्तावित प्रारम्भिक मस्यौदा नीति तर्जुमाका लागि उपयुक्त सुझावहरु प्रदान गर्नुभएको थियो । समुह कार्यका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव ईश्वरराज पौडेलले सहजीकरण गर्नुभएको थियो ।

अन्तमा, प्राविधिक सत्रको अध्यक्ष एवं मन्त्रालयका सह-सचिव सुरेश प्रधानले यस प्रस्तावित नीतिको प्रारम्भिक मस्यौदा उपर उठेका प्रश्न, प्रतिक्रिया र विभिन्न व्यक्तित्वहरुबाट आएका मन्तव्यहरु र प्रस्तुत भएका २ वटा कार्यपत्र सहितको सार संक्षेप प्रस्तुत गरी सो अवसरमा उहाँले नेपाल सरकारका विभिन्न कार्यालय, गरिबहरुसँग काम गर्ने विभिन्न संघसंस्था, अधिकारकर्मी लगायत सम्पूर्ण सहभागीलाई अत्यन्तै सक्रियता पूर्वक सहभागिता भएको र यस गोष्ठीले अपेक्षा गरेको भन्दा धेरै उपलब्धि हासिल भएको आफुले महसुश गरेको बताउनु हुँदै सहभागी सम्पूर्णलाई अत्यन्तै सारगर्भित राय सुझावको लागि धन्यवाद दिदै गोष्ठी समापन भएको जानकारी गराउनु भएको थियो ।

(ङ) सहकारी तथा गरिबी निवारण मन्त्रालयको अगुवाई तथा एक्सनएड अन्तरार्ष्ट्रिय नेपाल र होमनेट नेपालसँगको सहकार्यमा राष्ट्रिय गरिबी निवारण नीति तर्जुमाको कार्यलाई अगाडि बढाईएकोमा विभिन्न चरणमा भएको विज्ञ तथा सरोकारवाला निकायहरुसँगको छलफल तथा अन्तर्क्रिया पश्चात नीतिको प्रारम्भिक मस्यौदा उपर छलफल गरी राय सुझाव प्राप्त गर्ने उद्देश्यले मिति २०७१ कार्तिक २८ गते यस मन्त्रालयका सचिव श्रीधर गौतमको अध्यक्षता पश्चिम क्षेत्रीय गोष्ठी नेपालगञ्चमा आयोजना गरिएको थियो ।

उक्त गोष्ठीमा 'गरिबीको बुझाई र अवधारणा', 'प्रस्तावित नीतिको प्रारम्भिक मस्यौदा' बारेमा २ वटा कार्यपत्र उपर सम्बन्धित सरकारी निकाय, अभियानकर्ता, पेशाकर्मी, प्राध्यापक, सरोकारवाला संस्थाहरु तथा गरीबहरुको पक्षमा वकालत गर्ने अधिकारकर्मीहरु सहित ७७ जना अन्य सरोकारवालाहरुको सक्रिय सहभागिता रहेको थियो ।

गोष्ठीको उदघाटन सत्रमा मन्त्रालयका उप-सचिव बिजुकुमार श्रेष्ठले सहभागीहरु तथा आमन्त्रितहरुलाई स्वागत गर्नुका साथै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । मन्त्रालयका सचिव श्रीधर गौतमले प्रस्तावित सहरी तथा ग्रामीण गरिबी निवारण राष्ट्रिय नीतिको प्रारम्भिक मस्यौदा उपर गोष्ठीमा उपस्थित सबै सहभागी अभियान्ताहरु र गरिबका लागि काम गर्ने प्रतिनिधिमूलक संस्थाका सहभागीहरुबाट उपयुक्त सुझावहरु सहित गोष्ठी सफल पार्न अनुरोध भएको थियो । सोही अवसरमा एक्सनएड नेपालका राष्ट्रिय निर्देशक बिमल कुमार फुँयालले गरिबी भनेको जन्मसिद्ध अवस्था होइन । यो समाजमा व्याप्त असमानता, विभेद र बहिष्करणको कारणबाट जन्मिएको

अवस्था हो । सबै मिलेर इमान्दारिताका साथ काम गरे गरिबी निवारण हुनसक्छ भन्नुभयो । उहाँले नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालयले राष्ट्रिय गरिबी निवारण नीति तर्जुमा गर्न लागेको र यस्तो महान कार्यमा एक्सनएड नेपाल र होमनेट नेपालले साझेदारीको रुपमा सहयोग पुर्याउन पाएकोमा खुशी व्यक्त गर्नुभयो ।

उक्त गोष्ठीको प्राविधिक सत्रमा सर्वप्रथम 'गरिबीको बुझाई र अवधारणा' विषयक कार्यपत्र एक्सनएड अन्तरार्ष्ट्रिय नेपालका सरोज पोखरेलले प्रस्तुत गर्नुभएको थियो भने दोस्रो कार्यपत्र 'प्रस्तावित नीतिको प्रारम्भिक मस्यौदा' विषयमा होमनेटका कार्यकारी निर्देशक ओम थपालियाले प्रस्तुत गर्नु भएको थियो । कार्यपत्र प्रस्तुती पछि ४ वटा समुह गठन गरिएको थियो । समुह कार्यका लागि सहकारी तथा गरिबी निवारण मन्त्रालयका उप-सचिव बिजुकुमार श्रेष्ठ र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव ईश्वरराज पौडेलले सहजीकरण गर्नुभएको थियो ।तत्पश्चात प्रत्येक समुह कार्यको प्रस्तुति भएको थियो ।

अन्तमा प्राविधिक सत्रको अध्यक्ष एवं मन्त्रालयका सह-सचिव सुरेश प्रधानले यस प्रस्तावित नीतिको प्रारम्भिक मस्यौदा उपर उठेका प्रश्न, प्रतिक्रिया र विभिन्न व्यक्तित्वहरुबाट आएका मन्तव्यहरुका लागि नेपाल सरकारका जिल्ला स्थित कार्यालय, गरिबहरुसँग काम गर्ने विभिन्न संघसंस्था, अधिकारकर्मी, पेशाकर्मी, संचारमाध्यम लगायत सम्पूर्ण सहभागीलाई धन्यवाद दिनुभयो ।

## वार्षिक समिक्षा वैठक सम्पन्न

मिति २०७१ भाद्र १३ गते सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव श्रीधर गौतमको अध्यक्षता र राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. भारतेन्दु मिश्रको समुपस्थितिमा मन्त्रालय स्तरीय समस्या समाधान समितिको वैठक बसी मन्त्रालय तथा मन्त्रालय संवद्ध निकायहरुका विभिन्न समस्याहरु र समाधानहरुका बारेमा निर्णयहरु गरेको थियो । बैठकले सहकारी बहुउद्देश्यीय बजारीकरण भवनको लागि मलपोखरीको करीब १५० रोपनी जमीन उपलव्ध गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय समेत थियो। गरिबी निवारण सम्बन्धित गरिबी निवारण कोष तथा साना व्यवसायी तथा युवा स्वरोजगार कोष र राष्ट्रिय योजना आयोगमा रहेको गरिबी निवारण महाशाखा यस मन्त्रालयमा गाभिनु पर्ने एवं डिभिजन सहकारी कार्यालयहरु २० जिल्लामा स्थापना गर्न O & M कार्य अघि बढाउँनुपर्ने निर्णय सहित NDAC मा प्रस्तुत गर्ने निर्णय भयो ।

## सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली तयारीको कार्य प्रारम्भ

सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली **COPOMIS** कार्यान्वयनको लागि परामर्शदाता छनौट भई यही मार्ग ५ गते यस मन्त्रालय र परामर्शदाता सफ्टेक फाउण्डेशन, प्रा.लि., डिल्लीबजार, काठमाडौबीच संझौता सम्पन्न भई कार्यारम्भ भएको छ। यस क्रममा मन्त्रालयमा आयोजित कार्यक्रममा यस आधुनिक प्रविधिमा आधारित सूचना प्रणालीको परिकल्पना, विकास, कार्यान्वयन र सहजीकरणका सम्बन्धमा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउने तथा परामर्शदाताबाट मन्त्रालय, सहकारी विभाग, राष्ट्रिय सहकारी संघ लगायत विषयगत केन्द्रिय संघहरुका प्रतिनिधिहरु, जि.आई.जेड लगायत अन्य सरोकारवालाहरु बीच प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्ने कार्य समेत सम्पन्न भएको छ । यसका साथै बजेट बक्तव्यमा समेत उल्लेख भएको प्रस्तुत कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न र आई परेका समस्याहरुलाई समयमै पहिचान गरी समाधान गर्ने सम्बन्धमा आवश्यक समन्वय गर्न सहकारी तथा गरिवी निवारण मन्त्रालयको सचिव श्रीधर गौतमको अध्यक्षतामा सात सदस्यीय COPOMIS **समन्वय समिति** र परामर्शदाताले गरेको कार्यको नियमित अनुगमन गरी कार्यक्रम कार्यान्वयमा सहजीकरण गर्न उपसचिव बाबु राम भुसालको अध्यक्षतामा तीन सदस्यीय **COPOMIS कार्यक्रम कार्यान्वयन समिति** समेत गठन भएको छ ।

## वार्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनसम्बन्धी गोष्ठी

मन्त्रालय र मातहत निकायहरुबाट चालु आर्थिक वर्षमा सम्पन्न गर्नुपर्ने कार्यक्रमहरुलाई तोकिए बमोजिम प्रभावकारीरुपमा सम्पन्न गर्न वार्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन सम्बन्धी दुई दिवसीय कार्यशाला गोष्ठी सम्पन्न भएको छ । मन्त्रालयका सचिव श्रीधर गौतमको अध्यक्षतामा सम्पन्न उक्त गोष्ठीमा मन्त्रालयका सहसचिव सुरेश प्रधान, राष्ट्रिय योजना आयोगका उपसचिव श्याम भण्डारी र अर्थ मन्त्रालयका उपसचिव भिष्म प्रसाद भुसालले विभिन्न तीनबटा कार्यपत्रहरु प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा मन्त्रालयका शाखा प्रमुखहरु एवं अधिकृत कर्मचारीहरु, सहकारी विभागका रजिष्ट्रार लगायत योजना शाखा तथा लेखा शाखाका पदाधिकारीहरु लगायत राष्ट्रिय सहकारी विकास बोर्ड एवं कागमाडौं उपत्यका भित्रका डि.स.का.का प्रमुखहरुको सहभागिता रहेको थियो । सो कार्यक्रममा उल्लेखित निकायहरुबाट चालु आर्थिक वर्ष २०७१।७२ को वार्षिक बजेट तथा कार्यक्रम, कार्यान्वयन योजना, वर्तमान समस्याहरु तथा कार्यक्रम कार्यान्वयनका चुनौतिहरु र आगामी कार्यदिशाका सम्बन्धमा प्रस्तुतिकरण गरिएको थियो । कार्यक्रमको अन्त्यमा रजिष्ट्रार विष्णुहरि पौडेल, सहसचिव सुरेश प्रधान र सचिव श्रीधर गौतमबाट वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विविध समस्या एवं चुनौतिहरुका सम्बन्धमा अबलम्बन गर्न सकिने उपायहरु र सहभागीहरुबाट उठाइएका जिज्ञासाहरु उपर सम्बोधन गर्ने कार्य भएको थियो ।

## Inclusive Development of the Economy (INCLUDE)

नेपाल सरकार र **Federal Republic of Germany,** जर्मन विकास सहयोग (जि.आइ.जेड.) संग भएको समझदारी अनुरुप आर्थिक वर्ष २०७१।७२ (सन् २०१४ देखि) उद्योग मन्त्रालयको नेतृत्वमा यस मन्त्रालय, सहकारी संघ संस्थाहरु, निजी क्षेत्र र जर्मन विकास सहयोग नियोग समेतको सहकार्यमा सहकारी क्षेत्रको प्रवर्द्धन एवं क्षमता विकासका लागि **Inclusive Development of the Economy (INCLUDE)** कार्यक्रम संचालन भईरहेको छ । अतः उक्त कार्यक्रम यस मन्त्रालय र मातहतका सहकारी विभाग तथा अन्तर्गत डिभिजन सहकारी कार्यालय दाङ, सुर्खेत, बाँके, प्युठान र कैलाली जिल्लाहरुमा चालु आर्थिक वर्षबाट शुरुआत भएको छ । यस कार्यक्रम अन्तर्गत गत भाद्र महिना देखि जर्मन विकास सहयोग (जि.आइ.जेड.) बाट मन्त्रालयको सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली **(COPOMIS)** स्थापना एवं संचालन गर्ने कार्यक्रमका लागि सूचना प्रविधिसम्बन्धी विज्ञ र मन्त्रालयको खरिद कार्यलाई सहजीकरण गर्न सार्वजनिक खरिदसम्बन्धी विज्ञ उपलव्ध गराई उक्त विज्ञहरुबाट दैनिकरुपमा सो सम्बन्धी सेवा प्राप्त भईरहेको छ । यसका साथै राष्ट्रिय सहकारी नीति, २०६९ को कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजनाको प्रारुप तयार गर्ने कार्य समेत गत आश्विन महिना देखि उक्त संस्थाको सहयोगमा परामर्शदाताबाट भईरहेको छ। यस विषयमा मन्त्रालयस्तरमा परामर्शदाताहरु, मन्त्रालयका पदाधिकारीहरु र सम्बन्धित सरोकारवालाहरुबीच पटक पटक छलफल एवं अन्तक्रिया समेत सम्पन्न भएको छ । साथै **INCLUDE** कार्यक्रम अन्तर्गत परामर्शदाताबाट माथि उल्लेखित पाँच जिल्लाहरुमा सहकारी संस्थाहरुबाट उत्पादित मुख्य उत्पादनहरुको मूल्य श्रृंखला अभिबृद्धि **(Value Chain Development Program)** सम्बन्धी कार्यक्रम संचालनका क्रममा आवश्यक विषयमा पूर्व अध्ययन अवलोकनको कार्य समेत भईरहेको छ ।

## सरकारी पूंजीगत अनुदान प्राप्त सहकारी संघ संस्थाहरुको सदुपयोगिता तथा प्रभावकारिता अध्ययन

मन्त्रालयको आ.व.२०७०।७१ को सरकारी पूंजीगत अनुदान प्राप्त सहकारी संघ संस्थाहरुको सदुपयोगिता तथा प्रभावकारिता अध्ययन बार्षिक कार्यक्रम अन्तर्गत सहकारी बिभागबाट २०६५ देखि बिभिन्न सहकारी संघ संस्थाहरुलाई पूंजीगत अनुदान प्रदान गरिएकोमा ती मध्ये १५ वटा छानेर सदुपयोगिता अध्ययन गरिएको थियो । सो अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा सुझावहरु सहितको प्रतिवेदन प्राप्त भएकोमा सो प्रतिवेदनमा औंल्याइएका बिषयहरुलाई समावेश गरी कार्यविधिमा सुधार गरी आगामी दिनमा व्यवस्थित

गर्नका लागि सहकारी बिभागलाई प्रतिवेदनको सक्कलप्रति सहित पठाइयो ।

**अध्ययनबाट प्राप्त निष्कर्षहरुः**

१. सहकारी बिभागबाट प्रदान गरिएको अनुदान रकम वासलातमा कम देखाउने, एउटा कार्यका लागि लिएको अर्को कार्यमा प्रयोग गर्ने, संस्थाले संभाव्यता नै नहेरी पूंजीगत अनुदान माग गर्ने र सहकारी बिभागले पनि संभावनातर्फ ध्यान नदिई अनुदान दिने निर्णय गर्ने गर्दा पूंजीगत सामान खरिद भै उपयोगमा नआएको पाइयो । यसरी नै अनुदानको रकम बैंक खातामा राख्ने तथा लिएर सदुपयोग नगरी उद्देश्य विपरीत कार्यमा लगानी गरेको समेत देखियो । यसका अतिरिक्त पूंजीगत अनुदानलाई संस्थाको आयका रुपमा लिने गरी वासलातबाट हटाइएको समेत पाइएको छ । यस्तो प्रणाली सहकारी लेखा प्रणालीको व्यवस्था अनुकूल देखिएन ।

२. पूँजीगत अनुदान पाएका सहकारी संघ संस्थाहरुको सम्पत्तिमा भएको वृद्धिको अवस्था बिचार गर्दा सदस्यहरुको संख्या र शेयरपूंजीमा वृद्धि भएका सहकारी संघ संस्थाहरुको अवस्था राम्रो देखियो । सहकारी संस्थाहरुको औसत सम्पत्तिमा वृद्धि करीव २१ प्रतिशत रहेको छ ।

३. पूँजीगत अनुदान प्रदान गर्दा सहकारी उद्योगको रुपमा अनुदान प्रदान गरिएको छ । धान, चिया, मेन्था, उखु र मह प्रशोधन गर्ने ९ वटा उद्योग बाहेक अन्य सहकारी संघ संस्थाहरुले अनुदान रकम व्यवसायिक फार्म संचालनका लागि लगेको देखिन्छ। त्यसमध्ये मेची सहकारी संस्था बाहेक पशुपालन तथा दुध उत्पादनसंग सम्वन्धित उद्योगले रकम सदुपयोग गरेको देखिएन । मह प्रशोधनका लागि लगेको रकम सदुपयोग भएको देखिएता पनि दुई मध्ये एउटाले प्रयोगमा नल्याएको देखिन्छ । चिया उद्योगका लागि दिइएको रकम मध्ये ग्रामीण क्षेत्रमा रहेको संस्थाले प्रयोगमा ल्याएको पाइयो । पूंजीगत अनुदानलाई सदुपयोग गरेका सहकारी संघ संस्थाहरुमध्ये ४ वटाले ९९० जनालाई स्वरोजगारी सृजना गरेको देखियो ।

४. जगेडाकोषमा करीव २५ प्रतिशत वृद्धि भएकोमा अध्ययन गरिएका सहकारी संघ संस्थाहरुमध्ये केवल ७ वटा औसतभन्दा माथि रहेको पाइयो। अनुदान रकम सदुपयोग गरेका संस्थाहरुमध्ये ५ वटा संस्थाको संस्थागत कोषमा वृद्धि भएको छ ।

५. सहकारी संस्थाको कारोबारमा वृद्धिका कारकहरुमा सदस्यहरुको संख्या, सकृय सहभागिता तथा सदस्यहरुको शेयर लगानी अर्थात् सहकारी संस्थाको शेयरपूंजीको परिमाणले सकारात्मक भूमिका खेल्ने गरेको देखियो ।

६. अध्ययन गरिएका संस्थाहरुको आयमा आर्थिक बर्ष २०६७।६८ तुलनामा २०६८।६९ मा ३०७.३ प्रतिशतले बृद्धि भएको र आर्थिक बर्ष २०६९।७० मा २१.३ प्रतिशतले नकारात्मक भएको पाइयो । समग्र संघ संस्थाहरुमा ४०.० प्रतिशतको आयमा वृद्धि भएको र २६.७ प्रतिशत संस्थाको आयमा नकारात्मक बृद्धि देखिएको छ ।

७. बजारीकरण, सदस्य संख्या, शेयरपूंजी र शेयर लाभांश सम्वन्धमा –

(क) यस अध्ययनमा सामेल गरिएको संघ संस्थाहरुले अदुवा, बेसार, धान तथा चियापत्ति प्रशोधन गरी स्थानीय उत्पादनलाई सहकारी मार्फत उपभोक्ताहरुसम्म पुर्याउन सफल भएको छ । तर सहकारी प्रबद्र्धनको लागि गरिएका प्रयासहरुको प्रचार प्रसार भएको पाइएन ।

(ख) महिला सहकारी संस्थाले प्रति सदस्य औसत ११ केजी अदुवा र बेसार खरिद गरी प्रशोधन गरी प्रति केजी रु.३०० मा बिक्री गर्ने गरेको पाइयो ।

८. अध्ययन गरिएका १५ संस्थामध्ये ११ वटाले मात्र बचत कारोबार संचालन गरेको पाइयो । ऋण लगानीतर्फ पनि ८ वटा संस्थामा बृद्धि देखिएको छ भने एउटा संस्थामा नकारात्मक वृद्धि रहेको छ । एउटा संस्थाले बचत रकमको ३० प्रतिशत हिस्सा धान खरिदमा समेत उपयोग गरेको वित्तिय विवरण प्राप्त गरेको देखिन्छ । दुईवटा संस्थाको लगानीसँग बचत अनुपात राम्रो रहेको पाइयो । बाँकी ८ वटा सहकारी संघ संस्थाहरुको बचत रकम अत्यन्त न्यून रहेको र बाहिरी ऋण लिएर कारोबार गरेकोले त्यस्ता संस्थाहरुमा सदस्यहरुको आवश्यकता पूरा गर्ने क्षमता कमजोर रहेको पाइयो ।

**सुधारका लागि सुझावहरुः**

१. पूँजीगत अनुदान प्रदान गर्दा मौजूदा कार्यविधि तथा आधारहरुमा निम्न आधारहरु थप गर्नु उपयुक्त हुने देखिन्छः

(१) कम्तिमा ३ बर्षसम्म कारोबार गरेका संस्थाहरुलाई प्राथमिकता दिनु पर्ने ।

(२) अनुदान सदुपयोग नगर्ने सहकारी संघ संस्थाहरुलाई कारवाहीको प्रक्रिया शुरु गर्नु पर्ने।

(३) लिएको पूंजीगत अनुदान रकमको लेखांकन नगर्ने सहकारी संस्थालाई कारवाही गर्नु पर्ने ।

(४) पूंजीगत अनुदान रकम प्रदान गरिएका सहकारी संघ संस्थाहरुको सघन अनुगमन गरी प्रतिवेदन यस मन्त्रालय समेतलाई उपलव्ध गराउनु पर्ने ।

(५) एउटै प्रयोजनको लागि बिभिन्न निकायहरुबाट अनुदान लिने गरेको देखिएकोले अन्य निकायबाट अनुदान लिए नलिएको प्रस्तावमा नै खुलाउने व्यवस्था मिलाउनु पर्ने ।

सहकारी संघ संस्थाहरुको नाम, ठेगाना, परियोजनाको उद्देश्य, लागत, लिएको अनुदान रकम, रकम लिने जिम्मेवार पदाधिकारी, व्यवस्थापकको नाम समेत खोली सहकारी बिभागले गर्ने सघन अनुगमनमा समावेश गरी सदुपयोगको अवस्था बारे एक प्रति प्रतिवेदन मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

संस्थाले पूंजीगत अनुदान माग गर्दा पेश गर्ने कागजातहरुका बिषयमा डिभिजन सहकारी कार्यालय तथा संस्था आवद्ध संघको समेत संभाव्यताका बिषयमा राय समावेश गराउनु पर्ने देखिन्छ । पूंजीगत आयलाई प्रशासनिक अनुदानमा राखी आम्दानी देखाई लाभांश बांडेर लिने, बिभागबाट लिएको रकमभन्दा कम रकम देखाउने र बांकी रकम खर्च देखाउने प्रवृत्तिलाई निरुत्साहित गर्न असूलीको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

सहकारी क्षेत्रलाई सहकारी बिभाग, व्यवसायिक कृषि विकास आयोजना, र कृषि विकास मन्त्रालय मातहतका निकायबाट दिइने पूंजीगत अनुदान रकम तथा सहकारी संघ संस्थाहरुको सहकारी विकास कोष र घाटापूर्ति कोष मिलाएर सहकारी उद्यम विकास कोष स्थापना गरी सहकारी तथा गरिबी निवारण मन्त्रालय वा सहकारी बिभाग अन्तरगत राख्ने र उक्त कोषमा अनुदान प्रदान गर्ने सरकारी निकायहरुको प्रतिनिधित्व साथै रा.स.संघको प्रतिनिधि सहितको संचालन समितिको गठन गरी सहकारी संघ संस्थाहरुलाई परियोजनाको ९० प्रतिशतसम्म सुलभ ब्याजदरमा ऋण लगानीको व्यवस्था मिलाउनु उपयोगी हुने देखिन्छ । साथै अनुदान दिने दातृ निकायहरुले सोझै अनुदान दिने व्यवस्थाको सट्टा यसै कोषमार्फत मात्र दिन सकिने नीतिगत र कानूनी व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

२. सहकारी संघ संस्थाहरुलाई अनुदान प्रदान गर्दा सदस्यहरुको पेशा व्यवसायमा आधारित संख्या र उत्पादनलाई मुख्य रुपले आधार मान्नु पर्ने देखिन्छ । सहकारी संघ संस्थाहरुमा रहेको पूर्वाधारहरु, यन्त्र औजार तथा उपकरणको अवस्थाहरुलाई पनि ध्यान दिई तत्पश्चात् मात्र अनुदान दिने र ऋण दिने कुरामा ध्यान दिनु पर्ने हुन्छ । यसो गरिएमा अनुदान माग गर्नका लागि मात्र बिभिन्न क्षेत्रका पहुंचवालाहरु मार्फत दवाव दिने र अनियमितता हुने संभावना न्यून हुने हुन्छ । सहकारी संस्थाको सम्पत्तिमा भएको बृद्धिको अवस्था नहेरी अनुदान रकम दिने कार्यलाई स्थगित गर्नु पर्ने हुन्छ । साथै अनुदान माग गर्ने सहकारी संघ संस्थाहरुको लगानी गर्ने आन्तरिक क्षमतालाई समेत ध्यान दिनु पर्ने हुन्छ ।

३. सहकारी संघ संस्थाहरुले अनुदान लगेर सदुपयोग नगर्ने र सामान खरिद गरेर उपयोगमा नल्याउने दुवै प्रवृत्तिलाई हतोत्साहित गर्नु पर्ने देखिन्छ । आर्थिक बर्ष २०६९।७० सम्म सहकारी बिभागमार्फत रु.९ करोड ३ लाख

६५ हजार पूंजीगत अनुदान वितरण भैसकेको छ। सहकारी मार्फत सीमान्तकृत समुदाय र किसान तथा श्रमिकहरुको स्वरोजगारी र आयमा वृद्धि अर्थतन्त्रको एउटा बैकल्पिक मोडल हुन सक्ने अवस्थालाई ध्यान दिएर सहकारी मझौला उद्योग, साना उद्योग र घरेलु उद्योगहरुको नाम, ठेगाना, कारोवार, कूल उत्पादन र बजारीकरण, मुनाफा, सम्पत्तिमा भएको वृद्धि, स्वरोजगारी र रोजगारी, सदस्यले पाएको वित्तिय फाइदा, समुदायमा परेको प्रभाव, सहकारीको संस्थागत विकासमा परेको योगदान आदि कुरा उल्लेख भएको प्रोफाईल तयार पारिएमा यसले अन्य सहकारीहरुको लागि उत्प्रेरणाको कार्य गर्न सक्ने हुन्छ ।

४. अध्ययन गरिएका सहकारी संघ संस्थाहरु मध्ये जगेडाकोषमा वृद्धि करिब २५ प्रतिशत भएता पनि ४ वटा संघ संस्थाहरु नोक्सानमा रहेको पाइयो । अधिकांश सहकारी संघ संस्थाहरुको जगेडाकोषमा वृद्धि औसत भन्दा तल रहेको देखिएको छ । यसले संस्थागत क्षमता सीमित रहेको देखाउंछ । अनुदान दिइएका सहकारी संघ संस्थाहरुका पदाधिकारीहरुलाई केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र र सहकारी प्रशिक्षण केन्द्रहरुबाट आवश्यकता सम्बोधन हुने गरी तालिमको पाठ्यक्रम, पाठ्य बिषय र प्रशिक्षण विधि समेत मिलान गरी सीप विकास तथा व्यवस्थापकीय क्षमता विकास तालिम दिनु पर्ने देखिन्छ ।

५. सहकारी संघ संस्थाहरुलाई पूंजीगत अनुदान प्रदान गर्दा कम्तिमा ३ बर्षको सदस्य संख्या, बचत संकलन, ऋण लगानी, उत्पादन, प्रशोधन र बजारीकरण, सदस्यहरुले पाउने स्वरोजगारी र उनीहरुको आयमा पर्ने सकारात्मक प्रभाव, समावेशी विकास, सामुदायिक विकास, सामाजिक विकासमा हुने योगदानको योजना पेश गर्न लगाउनु उपयोगी हुने देखिन्छ । साथै संस्थागत पूंजीमा बृद्धि, आयमा हुने वृद्धि र शेयर लाभांश परिमाण खुलाउन सकिएमा उपयोगी हुने भएकाले यसको व्यवस्था आवेदन फाराममा समावेश गराउनु पर्ने देखिन्छ ।

६. सहकारी संस्थाहरुको आयमा दीगो वृद्धिको लागि सहकारी परियोजनाको प्रस्ताव पेश गर्दाकै वखतमा कम्तिमा ३ बर्षको उत्पादन, प्रशोधन आवश्यक हुनेमा सो र बजारीकरण परिमाण खुलाउने व्यवस्था हुनु पर्ने देखिन्छ ।

७. सहकारी बिभागबाट अनुदान दिइएका उद्योगहरुको बिषय अनुसारको प्रोफाईल तयार पारिएमा रोजगारी तथा स्वरोजगारी सृजना, स्थानीय वस्तुको बजारमा पहुंच तथा आयआर्जनमा परेको योगदानको आकलन गर्न सकिने हुनाले एकरुपता हुने गरी फाराम डिजाइन गरी डिभिजन कार्यालयहरुलाई परिचालन गरी सहकारी उद्योग प्रवर्द्धनको व्यवस्था मिलाउनु उपयोगी देखिन्छ । सहकारी संघ संस्थाहरुलाई अनुदान प्रदान गर्दा उत्पादन, प्रशोधन र बजारीकरण जोडेर हेर्नु पर्ने हुन्छ । त्यसको लागि निवेदनमा संभाव्य जनशक्तिको व्यवस्था बारे स्पष्ट रुपले उल्लेख गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । स्थानीय तहमा सहकारी उद्योग संचालन गर्न आवश्यक पर्ने कच्चा पदार्थको उपलव्धता र उत्पादनको सहज ढुवानीका लागि सडक संजाल आवश्यक पर्नेमा सो को व्यवस्था तथा अन्य निकायहरुले निर्माण गरेका संकलन केन्द्रहरुको अवस्था बारेमा स्पष्ट विवरण माग गर्न लगाउनु पर्ने देखिन्छ ।

८. सहकारी संघ संस्थाहरुको व्यवसायिक क्षमता विकासको लागि पूंजी निर्माण अनिवार्य शर्त हो। आन्तरिक पूंजी बाहेक सहकारी बैंकवाट ऋण लगानी, नेपाल सरकारको सहकारी उद्यम विकास कोष (प्रस्तावित), गरिबी निवारण कोष, युवा स्वरोजगार तथा उद्यम विकास कोष, ग्रामीण स्वावलम्वन कोष, लघुवित्त थोक कर्जा, वाणिज्य बैंक तथा विकास बैंकहरुवाट थोक कर्जा एवम् नेपाल सरकारका विभिन्न निकायहरु मार्फत प्रवाह गरिने अनुदान, घुम्तिकोष, चालुकोष, सहुलियतपूर्ण ऋण र दातृ

निकायहरुवाट प्रदान गरिने अनुदान रकम समेतलाई परिचालन गर्नका लागि कानूनी तथा नीतिगत व्यवस्था गरी दोहोरोपना रोक्न एउटै कार्यका लागि एकभन्दा बढी निकायबाट अनुदान लिएको देखिने गरी सहकारी बिभागले निवेदन फाराम तयार पारी कार्यान्वयनमा ल्याउन पर्ने देखिन्छ ।

## विविध जानकारी

- **SAARC Human Resources Development Centre (SHRDC)** पाकिस्तान र राष्ट्रिय योजना आयोगको संयुक्त आयोजनामा मिति २०७१ मंसिर १७-१९ तदनुसार नोभेम्बर ३-५, २०१४ मा आयोजित **'Social Security for Reducing Vulnerability of the Poor in the SAARC Region'** सम्बन्धी कार्यशालामा यस मन्त्रालयका तर्फबाट उप-सचिव द्वय बिजुकुमार श्रेष्ठ, रमेश कुमार पुडासैनी र शाखा अधिकृत गुणा राईको सहभागिता रहेको थियो ।
- **WUPAP** आयोजनाको रोल्पा र दैलेखमा संचालित कार्यक्रमहरुको मिति २०७१ मार्ग २६ देखि पौष ३ सम्म मन्त्रालयका उपसचिव द्धय सानुकाजी देसार, बिजुकुमार श्रेष्ठ, लेखापाल गिरीराज रेग्मी र स्टोर प्रमुख कृष्णप्रसाद भुसाल रहेको टोलीले स्थलगत अनुगमन र निरीक्षण सम्पन्न गरेको थियो ।
- मिति २०७१ मंसिर २२ देखि २६ सम्म **GIZ** द्वारा आयोजित **Facilitation & Moderation Skills** सम्बन्धी तालिममा यस मन्त्रालयका तर्फबाट शाखा अधिकृत गुणा राईको सहभागीता रहेको थियो ।
- मिति २०७१ कार्तिक १६ गते देखि १७ सम्म साना किसान विकास वैंकद्धारा आयोजित साना किसान सम्मेलनमा यस मन्त्रालयका तर्फबाट उपसचिव बिजुकुमार श्रेष्ठले भाग लिनु भएको थियो ।
- नेपाल सरकार (सचिवस्तर) मिति २०७१।७।४ को निर्णयानुसार, अन्तर्राष्टिय गैरसरकारी संस्था **The Mercy Corps, UK** को सहयोगमा सञ्चालित **Protecting and Mainstreaming Informal Sector Safety Nets (PROMISE)** नामक परियोजनाको अन्तिम मूल्यांकन गर्न उपरोक्त कार्यक्रमसंग सम्बन्धित विशेषज्ञ प्रतिनिधिको रुपमा यस मन्त्रालयका उप-सचिव बिजुकुमार श्रेष्ठ मनोनयन हुनु भएको छ ।
- सार्क देशहरुमा संचालित गरिबी निवारणसम्बन्धी असल र प्रेरणादायी प्रयासहरुको अवलोकन गरी नवीनतम् ज्ञान सीप अनुभव र कार्य कौशलता प्राप्त गरी सो को उपयोगको माध्यमबाट देशमा गरिबी निवारण क्षेत्रको प्रभावकारीता बढाउने उद्देश्यले यस मन्त्रालयका सहसचिव सुरेश प्रधानले नेतृत्व गर्नु भएको एक बैदेशिक अवलोकन भ्रमण टोलीले मिति २०७१।०३।२२ देखि २०७१।०३।२८ सम्म मित्रराष्ट्र भारत स्थित हैदरावादको अवलोकन भ्रमण गरेको थियो ।
- ५ करोडभन्दा बढी कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्थाहरुको सघन अनुगमन असार महिनामा दुईवटा **PEARLS Training** संचालन गरिएको थियो, जस मध्ये सहकारी तथा गरिवी निवारण मन्त्रालयको सभाकक्षमा सम्पन्न गरिएको तालिममा ३४ जना सहभागीहरुको सहभागिता थियो भने सहकारी प्रशिक्षण तथा डिभिजन सहकारी कार्यालय नेपालगञ्जमा संचालित तालिममा २७ जना सहभागीहरुको सहभागिता रहेको थियो ।
- भाद्रदेखि र श्रावण महिनासम्मको अवधिमा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की, चितवन, कैलाली र डिभिजन सहकारी कार्यालय स्याङ्जा, तनहु, धादिङ, काभ्रेपलाञ्चोक, नवलपरासी, दाङ, कञ्चनपुरको गरी १० वटा कार्यालयहरुको निरीक्षण तथा अनुगमन गरिएको थियो ।
- कुल ग्राहस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान अध्ययन कार्यक्रमको सिलसिलामा सचिव श्रीधर गौतम को अध्यक्षतामा एउटा बैठक सम्पन्न भएको र उक्त बैठकको निर्णय अनुसार सचिव श्रीधर गौतमको अध्यक्षतामा निर्देशक समिति र सहसचिव सुरेश प्रधानको संयोजकत्वमा प्राविधिक समिति गठन भएको छ ।
- नेपाल सरकारको (मं.प.) को २०७१।७।२० को निर्णयानुसार गरिब घरपरिवार पहिचान र परिचयपत्र बितरण तथा व्यवस्थापन समन्वय बोर्डको कार्यकारी उपाध्यक्ष पदमा बढीमा मिति २०७२ असार मसान्त

सम्मका लागि  चिन्तन पौडेललाई नियुक्ति गरिएको छ ।

- नेपाल सरकार (मं.प.) को २०७१।४।२९ को निर्णयानुसार राष्ट्रिय सहकारी बिकास बोर्डको सदस्य सचिव पदमा  प्रसन्न कुमार कोईरालालाई सहकारी विकास बोर्ड ऐन, २०४९ को दफा १५ अनुसार नियुक्त गरिएको छ ।
- नेपाल सरकार माननीय मन्त्रीस्तरको २०७१।७।४ को निर्णयानुसार राष्ट्रिय सहकारी बिकास बोर्डको कार्यकारी समितिमा देब बहादुर खत्री (मध्य-पश्चिमाञ्चल बिकास क्षेत्रका सहकारी वा सामाजिक कार्यकर्ता मध्येबाट प्रतिनिधित्व हुने), उमा दाहाल (महिला सहकारी कार्यकर्ताबाट प्रतिनिधित्व हुने), भरत बहादुर बिष्ट (सुदुर पश्चिमाञ्चल बिकास क्षेत्रका सहकारी वा सामाजिक कार्यकर्ता मध्येबाट प्रतिनिधित्व हुने),  कैलाशभक्त प्रधानाङ्ग (सम्बन्धित बिषयका बिशेषज्ञ मध्येबाट प्रतिनिधित्व हुने गरी),  बिनोद कुमार दत्त (पूर्वाञ्चल बिकास क्षेत्रका सहकारी वा सामाजिक कार्यकर्ता मध्येबाट प्रतिनिधित्व हुने), दिपक प्रसाद पौडेल (मध्यमाञ्चल बिकास क्षेत्रका सहकारी वा सामाजिक कार्यकर्ता मध्येबाट प्रतिनिधित्व हुने) को सदस्य पदमा २/२ वर्षका लागि मनोनयन गरिएको छ ।
- सहकारी क्षेत्रमा उत्कृष्ट कार्य गर्ने ४ वटा सहकारी संस्थाहरुको डकुमेन्ट्री तयारी कार्य सम्पन्न भएको छ ।
- बिद्यालयको कक्षा ९ र १० मा सहकारी ऐच्छिक बिषय समावेश गर्नका लागि पाठ्यक्रम निर्माण भएको छ । यसै गरी कक्षा ११ र १२ को ऐच्छिक सहकारी बिषयका पाठ्यक्रमहरुमा आवश्यक परिमार्जन कार्य गरी पाठ्यक्रम बिकास केन्द्रका सम्बन्धित पदाधिकारीहरु सहित सहकारीकर्मीहरुवीच अन्तरक्रिया गरी उक्त पाठ्यक्रम पारित गरी कार्यान्वयनका लागि सम्बन्धित निकायलाई अनुरोध गरिएको छ।

## भ्रमण प्रतिवेदन १

### Seminar on Development and Poverty Reduction for Nepal

उप-सचिव,  सानुकाजी देसार
शाखा अधिकृत,  रोशनी श्रेष्ठ

जनवादी गणतन्त्र चीन सरकारको “नेपालका लागि द्विपक्षीय तालिम कार्यक्रम” अन्तर्गत बेइजिङ्ग स्थित **'International Poverty Reduction Centre'** द्वारा श्रावण ८-२०, २०७१ (तद्नुसार २४ जुलाई - ६ अगष्ट, २०१४) सम्म आयोजित  **'Seminar on Development and Poverty Reduction for Nepal'** सेमिनार कार्यक्रममा मन्त्रालयको तर्फबाट हामीले सहभागिता जनाएका थियौं । उक्त सेमिनार कार्यक्रममा मन्त्रालयबाट हामी लगायत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट २ जना, राष्ट्रिय योजना आयोगको सचिवालयबाट २ जना, अर्थ मन्त्रालयबाट ११ जना, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट १ जना र भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट १ जना समेत गरी जम्मा १९ जना नेपाली पदाधिकारीहरुको सहभागिता रहेको थियो । सेमिनारमा चीनको आर्थिक, सामाजिक अवस्था, गरिबीको अवस्था र गरिबी निवारणको लागि सरकारले गरेका प्रयासहरु लगायतका विषयहरुमा सम्बन्धित क्षेत्रका विज्ञहरुबाट जानकारी गराउनुका साथै ग्यान्सु प्रान्तमा सञ्चालित गरिबी निवारण सम्बन्धी कार्यक्रमहरुको अवलोकन भ्रमण गराएको थियो । चीनले विकास र गरिबी निवारणको क्षेत्रमा हासिल गरेको सफलता अत्यन्त सराहनीय रहेको छ । उक्त सेमिनारबाट हामीले चीनको गरिबी निवारण र विकास प्रयासका क्षेत्रमा सिकेका पाठहरुलाई संक्षेपमा निम्नानुसार प्रस्तुत गरेका छौं ।

**१. आर्थिक विकास :**

उत्तरको छिमकी मुलुक चीन विश्वको सर्वाधिक जनसंख्या भएको मुलुक हो । सन् २००८ को तथ्याङ्क अनुसार  चीनको जनसंख्या एक अर्व ३२ करोड रहेको छ। कूल ९६ लाख वर्ग मिटर क्षेत्रफल रहेको चीनमा ५६ विभिन्न जातजातिको बसोबास रहेकोछ । जसमा हान जातिको बाहुल्यता देखिन्छ । प्रशासनिक दृष्टिकोणले

केन्द्र, ३४ प्रान्त, स्वायत्त क्षेत्र र महानगरपालिका, ३३३ प्रिफेक्चर, २८५९ काउन्टी र ४०८१३ टाउनसीप/गाउँमा चीनलाई विभाजन गरिएको छ । राज्य शक्ति राष्ट्रिय जनकाङ्ग्रेस, राष्ट्रपति र राज्य परिषदमा निहित रहेको छ ।

चिनियाँ कम्यूनिष्ट पार्टीका अध्यक्ष माओत्जेतुङ्गको नेतृत्वमा १ अक्टोबर १९४९ मा जनवादी गणतन्त्र चीनको स्थापना भएपछि उनैको शव्दमा चिनियाँ जनता आफ्नै खुट्टामा उभिन सके । सन् १९७८ मा देङ्ग जियाओ पिङ्गको नेतृत्वमा चीनले सुधार र खुला नीति अंगाल्यो । बजारमुखी अर्थतन्त्र अनुरुप चिनियाँ अर्थतन्त्रलाई सुधार गरियो । तर चीनले चिनियाँ विशेषता सहितको समाजवादलाई पनि सँगसँगै अगाडि बढायो । चीनले अंगालेको आर्थिक सुधारको फलस्वरुप चीनको आर्थिक बृद्धिदर अत्यन्त उत्साहजनक रह्यो । चीनको वर्तमान आर्थिक वृद्धिदर ७.४ प्रतिशत छ र आगामी ३० बर्षसम्म १० प्रतिशतको दरले आर्थिक बृद्धि गर्दै लाने अग्रगामी सोच चीनले राखेको छ । अन्तर्राष्ट्रिय व्यापार विस्तार, प्रत्यक्ष वैदेशिक लगानीमा वृद्धि र विदेशी विनिमय सञ्चितिमा वृद्धि चिनियाँ अर्थतन्त्रका सकारात्मक पक्ष रहेका छन् ।

**२. गरिबी निवारण :**

चीनले सन् १९८६ पछि १.८ डलर प्रतिव्यक्ति प्रतिदिन आम्दानीलाई नयाँ गरिबीको रेखा निर्धारण गरेको छ । जस अनुसार ८.६ प्रतिशत चिनियाँहरु अझैपनि गरिबीमा बाँचिरहेका छन् ।

**क) ग्रामीण गरिबी :**

चीनमा ग्रामीण (५०.३२ प्रतिशत) र शहरी जनसंख्या (४९.६८ प्रतिशत) करिब बराबरको स्थितिमा रहेको छ । सन् १९९० मा २५ करोड ग्रामीण गरिबी रहेकोमा सन् २०१३ मा घटेर ८ करोड २४ लाखमा झरेको छ । ग्रामीण गरिबी घट्नुको पछाडी किसानहरुको आयमा बढोत्तरी मुख्य कारण रहेको छ । चीनमा सन् २००२ देखि २०१० को वीचमा किसानहरुको आय १३०५ बाट ३२७३ यूआन भई तेव्वर वृद्धि भएको छ ।

**ख) शहरी गरिबी :**

चीनमा ५ करोड शहरी गरिबहरु रहेका छन् । आन्तरिक बसाईसराई, कामबाट अवकास पाएका व्यक्ति र कामदारहरु, जोखिमपूर्ण क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरु र बेरोजगार विद्यार्थीहरुको वृद्धिसँगै शहरी गरिबी पनि बढिरहेको देखिन्छ । वार्षिक २३ करोड चिनियाँहरु श्रमको खोजीमा आन्तरिक बसाईसराई गर्दछन् । शहरी गरिबहरुलाई सरकारद्वारा जीवन निर्वाह भत्ता प्रदान गरिन्छ । सन् २०१२ मा १ करोड १३ लाख घरपरिवारले सरकारबाट त्यस्तो भत्ता पाएका थिए ।

**३) ग्रामीण सहकारी स्वास्थ्य सेवा :**

चीनको सम्पूर्ण ग्रामीण जनता यस स्वास्थ्य व्यवस्थाभित्र आवद्ध रहेका छन् । केन्द्र, प्रान्तीय सरकार र व्यक्तिको सहभागितामा सञ्चालित यस सेवामा व्यक्तिको वार्षिक १५० यूआन प्रिमियम मध्ये केन्द्र सरकारबाट ६५ यूआन, प्रान्तीय सरकारबाट ६५ यूआन र बाँकी २० यूआन व्यक्तिले भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । चीनमा जेष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थोपचारको व्यवस्था छ ।

**४) अनिवार्य शिक्षा :**

चीनमा १-९ बर्षे अनिवार्य शिक्षाको व्यवस्था छ । ९ बर्षे शिक्षालाई निशुल्क गरिएको छ । गरिब घर परिवारका बालबच्चालाई दैनिक तीन पटक खानाको व्यवस्था छ ।

**५) पूर्वाधार विकास :**

सडक, विद्युत सेवा, टेलिफोन र टेलिभिजनलाई प्रत्येक गाउँ बस्तिसम्म विस्तार गरिएको छ । चीनमा सन् १९४९ मा ८० हजार कि.मि. मात्र सडक रहेकोमा सन् २००८ मा आएर २० लाख कि.मि सडक बनेको छ । प्रत्येक गाउँ बस्तिमा मनोरञ्जनका लागि साँस्कृतिक भवन निर्माण गरिएको छ ।

**६) कृषि उत्पादन :**

गरिबी निवारणको प्रमुख आधारस्तम्भ मानिएको कृषि क्षेत्रको विकासमा चीनले उल्लेखनीय प्रगति हासिल गरेको छ । सन् १९७८ देखि २०१३ को बीचमा कृषि उत्पादन ३ करोड टनबाट ६० करोड टन पुगेको छ । यसै गरी चीनले सन् १९८६ पछि गरिब किसानलाई करारको माध्यमबाट कृषि भूमिमाथि पहुँच कायम गरी १० करोड किसानको गरिबी घटाउन सफल भएको छ । करारको माध्यमबाट प्राप्त कृषि भूमिमा कुन कृषि बालि लगाउने भन्ने स्वतन्त्रता कृषकलाई नै प्रदान गरेको छ । साथै कृषि करलाई खारेज गरेको छ । खाद्यान्नमा न्यूनतम मूल्य निर्धारण, कृषि मल, वीउविजन र सामग्रीमा अनुदानको

व्यवस्था, यान्त्रीकरण, सिँचाई र पूर्वाधारका विकास, पर्यावरणीय कृषि र उच्च प्रविधियुक्त कृषिको विकास, बजारीकरणको विकास, कृषिमा विशिष्टिकरण र क्षेत्रीय उत्पादन ढाँचा लगायत कृषि, वन, पशुपालन, मत्स्यपालनको एकीकृत विकास जस्ता विविध प्रयासहरुको फलस्वरुप चीनले खाद्य सुरक्षाको क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरी ग्रामीण किसानहरुको आयमा उल्लेख्य रुपमा वृद्धि गर्न सफल भएको छ । चीनले कृषि क्षेत्रमा गरेको सुधारको फलस्वरुप खाद्यान्न, तरकारी उत्पादनमा चीन विश्वको अग्रणी मुलुक बन्न सफल भएको छ ।

**७) सामाजिक सुरक्षा :**

चीनमा गरिबहरुको दैनिक जीवनयापनका लागि न्यूनतम निर्वाह भत्ता प्रदान गरिन्छ । यस्तो निर्वाह भत्ताबाट २ करोड शहरी गरिब घरपरिवार र ५ करोड ग्रामीण गरिब घरपरिवार लाभान्वित छन् । गरिबका लागि गाँस, वास र कपास लगायत पाँच वटा अत्यावश्यक सेवाको सरकारले ग्यारेन्टी प्रदान गरेको छ । सामाजिक सुरक्षा अन्तर्गत गरिबका लागि पेन्सन बिमा, आधारभूत वृद्ध बिमा, बेरोजगारीलाई भत्ता, ग्रामीण सहकारी स्वास्थ्य सेवा र जेष्ठ नागरिकलाई निशुल्क नर्सिङ्गहोम सुविधा आदि रहेका छन् ।

**८. ग्यान्सु प्रान्तले गरिबी निवारणमा हासिल गरेको सफलता :**

चीनको उत्तर-पश्चिम स्थित ग्यान्सु प्रान्तले विगत दुई दशकमा गरिबी निवारणमा उल्लेखनीय सफलता हासिल गरेको छ । यो प्रान्तको कूल जनसंख्या २ करोड ७१ लाखमा ७६.६ प्रतिशत ग्रामीण क्षेत्रमा बस्छन् । डोङ्गजीयाङ्ग, युगु र बाओयान जस्ता अल्पसंख्यक जनजातिहरुको यहाँ बसोबास रहेको छ । खडेरी र विषम भौगोलिक परिस्थितिले गर्दा यहाँ गरिबीको मात्रा उच्च (२६.५ प्रतिशत) रहेको छ । यस प्रान्तको ८६ काउन्टी मध्ये १७ काउन्टी गरिबीको अवस्थामा छन् । सन् २०१२ मा यहाँको ग्रामीण प्रतिव्यक्ति खुद आय ४५०७ यूआन थियो जुन राष्ट्रिय आय भन्दा ३४१० यूआन कम हो । यस प्रदेशमा ३० बर्षको अथक सरकारी प्रयासपछि तीनवटा मुख्य समस्या समाधान गर्न सफल भएको छ । सन् १९८२ मा प्रदेशमा ६४ प्रतिशत जनता निरपेक्ष गरिबीमा रहेकोमा कृषि विकासको माध्यमबाट गरिबी उल्लेख्य रुपमा घटेको छ । सन् २००० सम्ममा गरिबका लागि प्रतिव्यक्ति आय ३०० यूआन र प्रतिव्यक्ति खाद्यान्न हिस्सा ३०० के.जी. पुऱ्याउने लक्ष्य हासिल भएको छ । पाँचवटा मुख्य विषय (कामको लागि नगद, सम्पूर्ण गाउँको विकास, पुनर्वासमा आधारित गरिबी निवारण, ग्रामीण आप्रवासी श्रमशक्तिलाई तालिम र औद्योगिकीकरणमा आधारित गरिबी निवारण) को सशक्त ढंगले कार्यान्वयन गरिएको छ । विकासमुखी गरिबी निवारणको फलस्वरुप खाद्यान्न र कपडाको आवश्यकताबाट ग्रामीण जनताको जीवनस्तरमा सुधार, पर्यावरणमा सुधार, आत्मविकास, क्षमतामा वृद्धि र विकासको खाडलमा कमी आएको छ ।

**"१२३६ गरिबी निवारण अभियान"**

१२३६ गरिबी निवारण अभियानलाई ग्यान्सुमा पनि सफलतापूर्वक प्रयोगमा ल्याएको छ । १२३६ को विस्तृत अर्थ यस प्रकार छन् :

१. गरिबहरुको आयमा निरन्तर रुपमा वृद्धि गर्दै जाने एउटा मुख्य लक्ष्य हासिल गर्ने,
२. गरिबलाई खाद्यान्न र कपडा दुईवटामा सुनिश्चितता प्रदान गर्ने,
३. गरिबलाई शिक्षा, स्वास्थ्य र आवास तीन कुराको ग्यारेन्टी गर्ने र
६. निम्न ६ वटा मुख्य क्षेत्रमा छलाङ्ग मार्नेः
   - पूर्वाधार निर्माण
   - स्थानीय उद्योग स्थापना
   - पुनर्वास (Relocation) मा आधारित गरिबी निवारण
   - गरिबलाई वित्तीय सहयोग
   - सार्वजनिक सेवाको ग्यारेन्टी
   - योग्यता/क्षमता विकास

**९. गरिबी निवारण र विकासका लागि कार्यक्रमबाट सिकेको पाठ :**

- गरिबी निवारण र विकासका लागि बलियो राजनैतिक प्रतिवद्धता र राजनैतिक स्थीरता पूर्व शर्तको रुपमा रहेको छ ।

- गरिबी निवारण र विकासका लागि राज्यको प्राथमिकता र नीतिगत स्पष्टता हुनु जरुरी देखिन्छ ।
- केन्द्र देखि स्थानीयस्तरसम्म गरिबी निवारण र विकासका लागि संस्थागत संरचना हुनु जरुरी छ।
- विकासको अधिकारका लागि गरिबलाई सशक्तीकरण गर्नु पर्छ ।
- विकासका लागि गरिबको क्षमता विकास आवश्यक छ । कृषि लगायतका क्षेत्रमा प्रविधि, नवप्रवर्तन (Innovation) र ज्ञानको माध्यमबाट गरिबको क्षमता विकास गर्न सकिन्छ ।
- सरकारी कर्मचारीहरुलाई शुरुको केही बर्ष गरिबी निवारणको जिम्मेवारी सहित गरिब बहुल क्षेत्र, जिल्ला र गाउँमा पठाउनु पर्दछ ।
- गरिबलाई रोजगारी र आयमा पहुँच हुनु जरुरी छ ।
- समावेशी र क्षेत्रीय सन्तुलन सहितको विकास अनिवार्य छ ।
- सामाजिक सुरक्षा र सुरक्षा जालो (Safety net) नीति मार्फत गरिबी निवारण गर्नुपर्छ।
- गरिबहरुको सोचाईमा परिवर्तन गर्नुपर्छ ।
- कृषिमा यन्त्रीकरण सिंचाई सुविधा र अन्य पूर्वाधारको विकास, पर्यावरणीय र उच्च प्रविधिको प्रयोग गरी कृषि उत्पादनमा वृद्धि गरी किसानहरुको गरिबी निवारण गर्नु पर्छ ।
- गरिब कृषक लगायतको गैर-कृषि आय बढाउन विशेष प्रयास गर्नुपर्छ ।
- ग्रामीण गरिबी निवारणका लागि सडक, खानेपानी, सिंचाई, स्वास्थ्य, संचार जस्ता पूर्वाधारको विकास गर्नुपर्छ ।
- प्रत्येक गरिबी एवं पिछडिएका क्षेत्रको समस्या र सम्भावनालाई पहिचान गरी गरिबी निवारण गर्न सकिन्छ ।
- गरिबी निवारणका लागि गरिबहरुसित बसी उनीहरुका विचार, अनुभवबाट सिक्नु पर्छ ।
- गरिबी निवारण **cross cutting** विषय भएकोले सबै निकाय र पक्षहरुको समन्वयकारी भूमिका हुनुपर्छ ।
- धनी प्रदेश र निकायले गरिब प्रदेश र निकायलाई सहयोग गरी गरिबी निवारणमा सहकार्य गर्नुपर्छ ।

## भ्रमण प्रतिवेदन २

**चीनमा सहकारी अध्ययन भ्रमण**

-उप-सचिव चन्द्र बहादुर ठकुरी

सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव चन्द्रबहादुर ठकुरी **International Cooperative Alliance** ले चीनको हार्बिन शहरमा आयोजना गरेको **Training course on Agricultural Product Marketing and Logistics for Co-operatives** तालिममा जुन २३ देखि २८, २०१४ मा भाग लिएर फिर्ता हुनु भयो । उक्त सेमिनारमा सहकारीको सुशासन, सहकारी तथ्यांक व्यवस्थापन, कृषि सहकारीको उत्पादन बजारीकरण तरिका सम्बन्धी जानकारी एवं छलफल भएको थियो । उक्त सेमिनारको अवसरमा सुपरचेन स्टोर, कोल्ड चेन र अनुसन्धान केन्द्रको अवलोकन गरिएको थियो । उक्त तालिममा नेपाल, भारत, मलेशिया, म्यानमार, चीन, श्रीलंका, थाइलैण्ड तथा टर्कीका सहभागी रहेका थिए । उक्त तालिमको अवसरमा सहकारी फार्म संचालन, बीउ उत्पादन, भण्डारण तथा सुरक्षा सम्वन्धी क्रियाकलापको अवलोकन तथा व्यवस्थापन बारे छलफल भएको थियो ।

## भ्रमण प्रतिवेदन ३

**बंगलादेशमा सहकारी एक्स्पोजर भिजिट**

-उप-सचिव चन्द्र बहादुर ठकुरी

सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव चन्द्रबहादुर ठकुरी तथा सहकारी बिभागका उपरजिष्ट्रार नारायणप्रसाद ज्ञवाली नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. को समन्वयमा केन्द्रीय ऋण संघ लिगको निमन्त्रणामा नेपालका बिभिन्न सहकारी संस्थाका १४ जना प्रतिनिधी सहित ७ दिने बंगलादेश एक्स्पोजर भिजिटमा सहभागी हुनु भएको थियो ।

उक्त अध्ययन भ्रमणका क्रममा ढाका, चिट्टागोंग र कक्सेसबजारका ८ वटा सहकारी संघहरु (बंगलादेशमा संस्था भनिदैन), १ केन्द्रीय ऋण संघ तथा १ सहकारी बिभाग गरी १० वटा निकायमा पुगी छलफल तथा अन्तरक्रिया गरिएको थियो । बंगलादेशमा २०१४

जुलाईसम्म १९४६६२ वटा सहकारी संघहरु (संस्थाहरु) र केन्द्रीय संघहरु रहेको पाइयो जसमा ४ लाख ८४ हजार व्यक्तिले रोजगारी प्राप्त गरेका छन् । बंगलादेशमा सहकारी एकेडेमी १, सहकारी इन्ष्टिच्यूट १०, र दिवा मोबाईल तालिम कार्यक्रम संचालन गर्ने निकायहरु रहेका छन् ।

बंगलादेशमा सहकारी दर्ता गर्नका लागि १२ जना भए पुग्ने । अनुगमन गर्नका लागि सहकारी बिभाग, ७ वटा डिभिजन, ६४ जिल्ला तथा ४९४ उपजिल्ला कार्यालयहरुबाट गर्ने गरिएको रहेछ । सहकारी संघहरुको लेखा परीक्षण सहकारी बिभाग र मातहत निकायबाट गर्ने गरिएकोमा हाल केन्द्रीय ऋण संघलाई अधिकार प्रत्यायोजन गरिएको पाइयो । बचतको सुरक्षा व्यवस्थाको लागि प्रति १००० टाकाको लागि ३ देखि ६ टाकासम्म सुरक्षण शुल्क लिने र ऋणी सदस्यको बीमा गरिने गरेको पाइयो । यस्तो बचतकर्ता ऋणी सदस्यको मृत्यू भएमा ऋण मिन्हा गरिने र मृत सदस्यका परिवारलाई निक्षेप रकमको दोव्वर भुक्तानी गरिने व्यवस्था रहेको छ । प्रारम्भिक सहकारी संघहरु सबै केन्द्रीय संघमा आवद्ध हुनै पर्ने र भएको पाइयो । बंगलादेशमा जिल्लास्तरीय कुनै संघहरुको व्यवस्था छैन । प्रवद्र्धन कार्यक्रममा सरकारले ३ प्रतिशत संस्थागत कर लिई सहकारी बिकास कोषमा राखी त्यसैबाट सहकारी प्रवर्द्धन कार्यक्रम संचालन गर्ने गरेको पाइयो । सहकारीलाई अन्य कुनै किसिमको कर नलाग्ने व्यवस्था भएको पाइयो । सहकारी बिभाग मातहत ७ वटा डिभिजन अफिस, ६४ जिल्ला अफिस तथा ४९४ उपजिल्ला (नेपालको हकमा इलाका कार्यालय) रहेको पाइयो । सहकारी बिभाग मातहत ५००९ जना कर्मचारी रहेको पाइयो।

**बंगलादेशवाट प्राप्त अनुभव सारांशः**

- बंगलादेश सरकारले कर्मचारीहरुको व्यवस्थापकीय तथा व्यवसायिक परामर्शदाताको सीप विकास सम्वन्धी कार्यमा तालिम केन्द्रहरुलाई परिचालन गरेको छ । बंगलादेशमा कृषि, महिला र दुध सहकारी संस्थाहरुको संख्या करिब ७५ प्रतिशत रहेका छन् । बंगलादेशमा उत्पादनमूलक तथा सीपमूलक कार्यमा संलग्न सदस्यहरुलाई सेवा दिने सहकारी संस्थाहरु ८० प्रतिशतभन्दा बढी रहेका छन् ।
- बंगलादेशमा जातीय तथा धार्मिक अल्पसंख्यक जनसंख्याको लागि अलग्गै सहकारी गठन गर्ने व्यवस्था सिद्धान्ततः नभएता पनि व्यवहारमा रहेको पाइयो । नेपालको हकमा राउटे, चेपांग, कमैया, बादी, बनकरिया, उत्पीडित जाति तथा वर्ग, भरिया, कृषि मजदूर, न्यून आय कर्मचारीहरु र सीमान्तकृतवर्गका लागि अलग सहकारी गठनको सुविधा दिन सकिनेतर्फ छलफल हुनु आवश्यक छ । सदस्यहरुको कपडा उद्योगमा संलग्नता तथा सीपमूलक उद्योगमा संलग्नता रहेको छ ।
- ठुला उद्योगको स्थापना तथा किसानहरुको आय आर्जनमा प्रत्यक्ष सहयोगका लागि मिल्कभिटा ब्राण्डको दुग्धजन्य पदार्थ र परिकारहरु उत्पादन र वितरण बंगलादेशमा प्रसिद्ध रहेको छ । बंगलादेशका सहकारीहरु बाढीपीडितहरुको आर्थिक उपार्जन, बावुआमाबिहिन तथा अत्यन्त गरिब बालवालिकाहरुको लागि विद्यालय शिक्षामा सहयोग गर्ने गरेको पाइयो । बाढीका कारणले सम्पत्ति गुमाउनेहरु तथा साना उद्योगी र व्यवसायीहरु समेत विस्थापनमा पर्ने गरेकाले उनीहरुको आर्थिक सुरक्षाका लागि सम्पत्ति बीमा, ऋण लगानी तथा बचत कारोवारमा संलग्न रहेको पाइयो । शहरी क्षेत्रमा रहेका झुपडी तथा फोहोर बस्तीमा वस्नेहरुको लागि सहकारी संस्थाले एकमुष्ट २.५ कठ्ठा घडेरी प्रति परिवारका दरले खरिद गरी ऋणमा उपलव्ध गराउने तथा त्यसमा घर निर्माणका लागि सहयोग गर्ने गरेको पाइयो । तर ब्याजदर भने १२ देखि १५ प्रतिशत लगाउने गरेको पाइयो।
- स्थानीय आवश्यकतामा आधारित भै तालिमका प्याकेजहरु निर्माण गरी संचालन गरिएको पाइयो । सहकारी क्षेत्र सरकारको नियन्त्रणभित्रै रहेकोले लगानी बढी रहेको पाइयो । सहकारीले प्रदान गरेका सेवाहरुमा उत्पादन, वित्तिय, विद्यालय, बजारीकरण, जिमखाना, आवास सेवा तथा यातायात सेवा उल्लेखनीय रहेका छन् ।

“सहकारी मार्फत दिगो आर्थिक विकास तथा सामाजिक न्याय”

# मन्त्रालयमा सरुवा भई आउनु/जानु भएका कर्मचारीहरूको विवरण

| सि.नं. | पद | कर्मचारीको नाम | बहाली मिति | रमाना मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | सचिव | श्री सुरेशमान श्रेष्ठ | | २०७१।५।२ | |
| २ | सचिव | श्री श्रीधर गौतम | २०७१।५।२ | | |
| ३ | सह-सचिव | श्री पुरुषोतम कुवँर | २०७१।८।३ | | |
| ४ | सह-सचिव | श्री खड्ग बहादुर राना | | | २०७१।६।४अनिवार्य अवकास |
| ५ | उ.स. (लेखा) | श्री रामबहादुर के सी | | २०७१।७।२९ | काज |
| ६ | तथ्यांक अधिकृत | श्री आनन्दराज अर्याल | | २०७१।४।१ | |
| ७ | ब.त.अ. | श्री शिवराज न्यौपाने | २०७१।४।२ | | |
| ८ | ले.अ. | श्री बालकृष्ण थापा | २०७१।६।२ | | |
| ९ | शा.अ. | श्री हरि पौडेल | २०७१।६।२२ | | |
| १० | शा.अ. | श्री शशि कुमार लम्साल | २०७१।७।२ | | |
| ११ | शा.अ. | श्री शान्ति महत | २०७१।७।१० | | |
| १२ | ले.अ. | श्री जगनाथ शर्मा पौडेल | | २०७१।५।७ | |
| १३ | शा.अ. | श्री भरत प्रसाद ढकाल | | २०७१।५।३० | |
| १४ | शा.अ. | श्री धर्मराज रोकाया | | २०७१।५।३१ | |
| १५ | शा.अ. | श्री आनन्द शर्मा भुसाल | | २०७१।५।२४ | काज |
| १६ | ना.सु. | श्री सुर्य कुमार श्रेष्ठ | २०७१।६।५ | | |
| १७ | ना.सु. | श्री भरतमणि सापकोटा | २०७१।८।२८ | | |
| १८ | ना.सु. | श्री भरत कुमार भण्डारी | २०७१।९।६ | | |
| १९ | खरिदार | श्री हरिगोपाल डंगोल | २०७१।६।५ | | |

## हेलो सरकारबाट प्राप्त हुन आएका उजुरीहरूको प्रगति विवरण

| क्र.सं. | गुनासोको च.नं./मिति | गुनासोकर्ताको नाम/ठेगाना | गुनासोको विषय | फर्छ्यौट भएको कारबाहीको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| १ | च :.नं.१६७८४, २०७१।३।१९ | खगेन्द्र खनाल, वानेश्वर | सेवा प्रवाहमा ढिला भएको । | - |
| २ | च :.नं.१६७६४, २०७१।३।१९ | अम्विका देवकोटा, मोरङ-विराटनगर | ओरिण्टेल सहकारी कारवाही सम्बन्धी आयोग छिट्टै बनोस् । | - |
| ३ | च :.नं.१६७१२, २०७१।३।१६ | गोमा उपाध्याय, सुनसरी-धरान | आवश्यक कारवाही सम्बन्धमा। | - |
| ४ | च :.नं.१६६७१, २०७१।३।१५ | गोप्य | आवश्यक कारवाही सम्बन्धमा। | सहकारी विभागमा आवश्यक कारबाही गर्न भनी लेखी पठाईएकोले यस मन्त्रालयको तर्फबाट कार्य फछ्यौटमा राखिएको । |
| ५ | च :.नं.१६६३२, २०७१।३।१५ | गणेशराज जोशी, बझाङ-चैनपुर-२ | गरिवी परिचय पत्र समान रुपमा वितरण होस् । | - |
| ६ | च :.नं.१६४६०, २०७१।३।३ | गोमा उपाध्याय, सुनसरी-धरान | आवश्यक कारवाही सम्बन्धमा। | सहकारी विभागमा आवश्यक कारबाही गर्न भनी लेखी पठाईएकोले यस मन्त्रालयको तर्फबाट कार्य फछ्यौटमा राखिएको । |
| ७ | च :.नं.१६४३२, २०७१।२।३० | 9849952933 | कारवाही हुदैन? | - |
| ८ | च :.नं.१६३६२, २०७१।२।२८ | सुरेन्द्र बहादुर श्रेष्ठ, ललितपुर-ललितपुर-२ | आवश्यक कारवाही सम्बन्धमा। | - |
| ९ | च :.नं.१६१३३, २०७१।२।१८ | गोप्य, बाग्लुङ | गाउँ बेशी बहुउद्देशिय सहकारी संस्था ढिर्प्ती र बागलुडको छानविन सम्बन्धमा । | - |

| | | | | |
|---|---|---|---|---|
| १० | च :.नं.१५९३५, २०७१।२।६ | असोक कुमार के.सी., ललितपुर चापागाउ -७ | नियमानुसारको सावाँ ब्याज रकम लिइ जग्गा फिर्ता गराइ पाउ। | - |
| ११ | च :.नं.१७४८८, २०७१।४।२३ | नखुलेको, | न्याय मागेको वारे । | उक्त गुनासोको सम्बन्धमा आबश्यक छाबविन गरि प्रतिवेदन पेश गर्न सहकारी बिभागमा पठाईएको । |
| १२ | च :.नं.१७३१०, २०७१।४।१६ | मीना बैद्य, नवलपरासी समसरिया | सहकारीमा न्यूनतम पारिश्रमिक समेत नदिने बारे। | आबश्यक कारबाहीको लागि सहकारी बिभागमा पठाईएको । |
| १३ | च :.नं.१७२६९, २०७१।४।१५ | भिश्म शाह, अछाम मङ्गलसेन -२ | गरिबलाइ ध्यान दिनु पर्‍यो। | - |
| १४ | च :.नं. १७९६१, २०७१।५।१८ | महानन्द जोशी, कंचनपुर | सेवा सुबिधा उपलब्ध गराईदिने बारे । | यस मन्त्रालयमा निवेदक लगायत सो पदमा सेवा करारमा कार्यरत सबैलाई समान सेवा सुबिधा पाउने गरी सेवा करार सम्झौता भएको हुँदा निवेदकको माग दावी नपुग्ने । |
| १५ | च :.नं. १७९६१, २०७१।५।१८ | रामहरि थापा, काभ्रे | ओरेन्टल कोपरेटिभले कहिले पैसा फिर्ता दिन्छ? | - |
| १६ | च :.नं. १७७०९, २०७१।५।४ | गोप्य | कालोसूचिमा रहेका व्यक्तिहरूलाई सहकारीले ऋण दिने सम्बन्धमा । | मिति २०७१।६।१० मा आवश्यक कारवाहीको लागि सहकारी विभागमा पठाईएको । |
| १७ | च :.नं. १७६४१, २०७१।५।२ | सिताराम भट्टराई, शंखमुल, काठमाडौं | सहकारी संस्थाहरूले जनताबाट लिइएको पैसा हिनामिना गरेको बारे । | " |
| १८ | च :.नं. १७६८१, २०७१।५।३ | नारायण प्रसाद रिजाल, नुवाकोट | खुलाइ पठाउने बारे । | खुलाइ पठाईदिन सहकारी विभागमा लेखी पठाएको । |
| १९ | च :.नं. १७५८३, २०७१।४।३० | चक्रलाल श्रेष्ठ, तिनकुने, काठमाडौं | सहकारीका नाममा जगताका पैसा ठग्ने गुण कोपरेटिभ । | मिति २०७१।६।१० मा आवश्यक कारवाहीको लागि सहकारी विभागमा पठाईएको । |
| २० | च :.नं. १८६२८, २०७१।६।३१ | निरज रिमाल | सुधिर बस्नेतलाई किन नसमातेको? | यस गुनासोको सम्बन्धमा आबश्यक कारवाहीको लागि सहकारी विभागमा पठाइएको । |
| २१ | च :.नं. १७८७८, २०७१।५।१३ | रामहरि थापा, काभ्रे । | ओरेन्टल को अपरेटिभले कहिले पैसा फिर्ता दिन्छ? | यस मन्त्रालयको च.नं. ४४१ मिति २०७१।६।२८ बाट तहाँ कार्यालयमा सो जनगुनासो सम्बन्धमा छानविन गरी कारवाही गर्न "अधिकार सम्पन्न सहकारी (सम्पत्ती) व्यवस्थापन समिति" गठनका लागि सहकारी ऐन, २०४८ तेस्रो संशोधन विधेयक, २०७१ तर्जुमाको प्रक्रियामा रहेको र सो विधेयक तर्जुमा भएपछि कार्यान्वयनको क्रम सो निवेदकको माग सम्बोधन हुने देखिएको व्यहोरा तँहा लेखि पठाईएको छ । |
| २२ | च :.नं. १८७३२, २०७१।७।६ | याम वहादुर भुजेल, धादिङ्ग खानीखोला-३ | सहकारीले वचत रकम भुक्तानी दिएन । | यस मन्त्रालयबाट सहकारी बिभागमा मिति २०७१।७।२७ गते आवश्यक कारबाहीको लागि पठाईएको । |
| २३ | च :.नं. १७९७३, २०७१।७।२५ | प्रकाश अधिकारी | application for complain | यस मन्त्रालयबाट सहकारी बिभागमा मिति २०७१।७।३० गते आवश्यक कारबाहीको लागि पठाईएको । |

# बैदेशिक तालिम/अवलोकन भ्रमण

| सि.नं. | विषय | अवधि | संस्था/मुलुक | सहभागीको नाम | पद | कार्यरत निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | Capacity Development Program | 11-17 July, 2014 | Malysia | श्रीसुरेशमान श्रेष्ठ | सचिव | मन्त्रालय | |
| | " | " | " | श्री खड्ग बहादुर राना | स.स. | मन्त्रालय | |
| | " | " | " | श्री बाबुराम भुसाल | उ.स. | मन्त्रालय | |
| | " | " | " | श्री राम बहादुर केसी | उ.स.(लेखा) | मन्त्रालय | |
| | " | " | " | श्री गणेश अर्याल | प्राचार्य | के.स.प्र.के | |
| | " | " | " | श्री केशव बहादुर थापा | प्राचार्य | स.प्र.डि.का., चितवन | |
| | " | " | " | श्री धर्मराज रोकया | शा.अ. | मन्त्रालय | |
| | " | " | " | श्री आनन्द शर्मा भुसाल | शा.अ. | मन्त्रालय | |
| | " | " | " | श्री धृता कुमारी खत्री | शा.अ. | मन्त्रालय | |
| | " | " | " | श्री प्रतिक्षा पराजुली | क.ई. | अर्थ मन्त्रालय | |
| २. | INCLUDE क्षमता अभिबृद्धि कार्यक्रम | 29 Oct-3 Nov, 2014 | Germany | श्री श्रीधर गौतम | सचिव | मन्त्रालय | |
| | " | " | " | श्री सुरेश प्रधान | सह-सचिव | मन्त्रालय | |
| | " | " | " | श्री विष्णुहरि पौडेल | रजिष्ट्रार | सहकारी विभाग | |
| | " | " | " | श्री बाबुराम भुसाल | उ.स. | मन्त्रालय | |
| | " | " | " | श्री प्रकाशराज पौडेल | प्राचार्य | स.प्र.डि.का., बाँके | |
| | " | " | " | श्री खेमराज विष्ट | प्राचार्य | स.प्र.डि.का., कैलाली | |
| | " | " | " | श्री विष्णु प्रसाद घिमिरे | ब.कृ.अ. | सहकारी विभाग | |
| | " | " | " | श्री विनोद कुमार पौडेल | स.अ. | डि.स.का., दाङ | |
| | " | " | " | श्री देवी प्रसाद पौडेल | स.अ. | डि.स.का., सुर्खेत | |
| ३. | Economic Development Policy for High-level Government Officials (Nepal) | 17-30 July, 2014 | Korea | श्री सुरेश प्रधान | सह-सचिव | मन्त्रालय | |
| ४. | गरिवी निवारण सम्बन्धी असल अभ्यासहरु | 6-12 July, 2014 | India | श्री सुरेश प्रधान | सह-सचिव | मन्त्रालय | |
| | " | " | " | श्री बिजुकुमार श्रेष्ठ | उ.स. | मन्त्रालय | |
| | " | " | " | श्री उपेन्द्र बहादुर ढुंगाना | उ.र. | सहकारी विभाग | |
| | " | " | " | श्री लक्ष्मी नारायण बैद्य | शा.अ. | मन्त्रालय | |
| | " | " | " | श्री गुणा राई | शा.अ. | मन्त्रालय | |
| | " | " | " | श्री राजन न्यौपाने | ले.अ. | मन्त्रालय | |
| | " | " | " | श्री रामहरि शर्मा पुडासैनी | स.प्र. | स.प्र.डि.का., चितवन | |
| | " | " | " | श्री विष्णु प्रसाद सुवेदी | स.अ. | डि.स.का., बाग्लुङ | |
| ५. | आपसी सद्भावना सहकारी भ्रमण | 20-26 Nov, 2014 | Bangladesh | श्री चन्द्र बहादुर ठकुरी | उ.स. | मन्त्रालय | |
| | " | " | " | श्री नारायण प्रसाद ज्ञवाली | उ.र. | सहकारी विभाग | |
| ६. | Seminar on Development an Poverty Reduction for Nepal | 24 July-6 August ,2014 | China | श्री सानुकाजी देसार | उ.स. | मन्त्रालय | |
| | " " | | | श्री रोशनी श्रेष्ठ | शा.अ. | मन्त्रालय | |
| ७. | International Training Course on Sufficiency to Wealthiness of the Nation | 3 Nov-1 Dec, 2014 | Thailand | श्री प्रभुनाथ राई | शा.अ. | मन्त्रालय | |
| ८. | Participatory Planning for Poverty Reduction | 2-29 March, 2015 | India | श्री सुरेश राज जोशी | शा.अ. | सहकारी विभाग | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | and Sustainable Development | | | | | | |
| ९. | Master's Degree in Human Resource Planning and Development | 1 Feb, 2015- 31 Jan, 2016 | India | श्री निराजन कोइराला | ले.अ. | सहकारी विभाग | |
| १०. | Master's in Public Policy & Governance | 1 Jan, 2015 to 31 Dec, 2016 | Bangladesh | श्री गौतम भण्डारी | स.अ. | डि.स.का., तनहुँ | |
| ११. | ICA-ACFSMC training on Agriculture Product marketing and Logistic for cooperatives | 23-28- June, 2014 | China | श्री चन्द्र ब. ठकुरी | उ.स. | मन्त्रालय | |

## मन्त्रालयको आ.व. २०७१/०७२ को कार्यक्रमगत विवरण

ब.शि.नं. :- ३५२०११-३/४ कूल विनियोजन बजेट :- १५५७७३ पूँजीगत रकम तर्फ :- १४९०

चालू रकम तर्फ :- १५४२८३

(रु. हजारमा)

| सि.नं. | कार्यक्रम/कृयाकलाप | विनियोजन बजेट | जिम्मेवार शाखा |
|---|---|---|---|
| १ | कम्प्युटर शिक्षा तालिम | ९० | प्रशासन तथा जनशक्ति बिकास |
| २ | एस पी एस एस तालिम | १२५ | |
| ३ | आयोजना प्रस्ताव लेखन तालिम | १६० | |
| ४ | भाषा शिक्षा तालिम | ८० | |
| ५ | त्रैमासिक वुलेटिन प्रकाशन | ३२० | |
| ६ | योजना तर्जुमा सम्वन्धी गोष्ठी | २०० | योजना तथा नीति तर्जुमा |
| ७ | योजना तर्जुमा तथा कार्यक्रम कार्यान्यन सम्वन्धी बैठक छलफल तथा अन्तरक्रिया | ४५० | |
| ८ | सहकारी संचारकर्मीहरु लगायत सरोकारवाल संग सहकारी प्रवर्द्धन र प्रचार प्रचार | १००० | |
| ९ | बार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयन व्यवस्था सम्वन्धी गोष्ठी | ५०० | |
| १० | जर्नल प्रकाशन तथा तयारी | २२० | |
| ११ | सहकारी तथा गरिवी अनुगमन सुदृढीकरण कार्यक्रम संचालन | ४०००० | |
| १२ | सहकारी पत्रकार समाजलाई कार्यालय संचालन अनुदान | १२० | |
| १३ | राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ सस्थाहरु संग सु सम्वन्ध एवं सहयोग | १२०० | |
| १४ | सहकारी क्षेत्रको रणनीतिक योजना तयारी र राष्ट्रिय सहकारी नीति, २०६९ कार्यान्वयन तालिका तयारी | ८०० | |
| १५ | सहकारी तथा गरिवी निवारण सम्वन्धी गैर सरकारी संस्थासंग सहभागितामूलक | ६०० | |
| १६ | गरिवी निवारण सम्वन्धी कार्यक्रमहरुको सम्भाव्यता अध्ययन | १०००० | गरिवी निवारण |
| १७ | गरिवी निवारण क्षेत्रमा भएका असल अभ्यासहरु अध्ययन तथा प्रोफाइलिङ्ग | ६०० | |
| १८ | गरिवी निवारण सम्वन्धी सहस्राव्दी विकास लक्ष्य तथा सार्क विकास लक्ष्यको लेखाजोखा तथा प्रगति प्रतिवेदन तयारी | २८०० | |
| १९ | गरिवी निवारण सम्वन्धी गोष्ठी | ५०० | |
| २० | गरिवी निवारण सम्वन्धी सहस्राव्दी विकास लक्ष्य र सार्क विकास लक्ष्यको प्रगति | ८६६ | |
| २१ | गरिवी निवारण सम्वन्धी राष्ट्रिय नीति तर्जुमा | ५०० | |
| २२ | गोष्ठि /कार्यशाला/अभिमुखीकरण/अन्तरक्रिया | ५०० | सहकारी प्रबर्द्धन |
| २३ | सहकारी कर्जा सूचना केन्द्र र वचत निक्षेप सुरक्षण कोष कार्यायोजना सम्वन्धनमा | ५०० | |
| २४ | सहकारी चेतनामूलक सामाग्री तयार छपाइ वितरण र प्रचार प्रचार | ५०० | |
| २५ | सहकारी प्रवर्द्धनका लागि क्षेत्रगत मन्त्रालय सम्वद्ध कानून एवं नीति नियममा संशोधन र परिमार्जन | ५०० | |
| २६ | सहकारी कर्जा सूचना केन्द्रको स्थापना र संचालन, वचत निक्षेप र ऋण सुरक्षण | १२०० | |
| २७ | राष्ट्रिय तथा अन्तरराष्ट्रिय सहकारी दिवस सम्वन्धी कार्यक्रम | ५०० | |
| २८ | अनुकरणीय सहकारी संस्थाहरुको अध्ययन | ९०० | अनुगमन, मुल्यांकन तथा अनुसन्धान |
| २९ | कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान अध्ययन | ५००० | |
| ३० | सहकारी संस्थाहरुको तालिम प्रभावकारीता अनुगमन | ४५० | |
| ३१ | मन्त्रालयस्तरीय प्रगति समीक्षा बैठक | २१० | |
| ३२ | वार्षिक प्रतिवेदन तयारी तथा छपाइ | ३०० | |
| ३३ | कार्यालय निरीक्षण तथा अनुगमन | ११४० | |
| ३४ | गरिब गरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा बितरण समन्वय बोर्ड | ५२७७५ | बोर्डको सचिवालय |
| | **जम्मा** | **१५५७७३** | |

# नेपाल सरकार
## सहकारी तथा गरिबी निवारण मन्त्रालय
## २०७१ मंसिर महिना सम्मको
## वेरुजु फछर्यौट प्रगति विवरण

रु. हजारमा

| विवरण | जम्मा वेरुजु लगत | सं.प.लाई लेखिगएको | संपरिक्षणवाट फछर्यौट वेरुजु | | | | | | कुल जम्मा | सं.प.नभई फिर्ता प्राप्त | लेखिगएको मध्ये संप. हुन बाँकी | लेखि पठाउन बाँकी | फछर्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत महिना सम्म | | यो महिनाको | | जम्मा | | | | | | |
| | | | म.ले.प.का.वाट | कुमारीचोक तथा के.त.वाट | म.ले.प.का.वाट | कुमारीचोक तथा के.त.वाट | म.ले.प.का वाट | कुमारीचोक तथा के.त.वाट | | | | | |
| साबिक देखि आ.व. २०५९/६० (म.ले.प.को प्रतिवेदन २०६१ सम्मको) | ८४० | - | | - | - | - | - | - | - | - | - | ८४० | |
| २) आ.व.२०६०/०६१ देखि आ.व.०६८/६९(म.ले.प.को प्रतिवेदन २०६९ सम्मको) | ३८५०३ | - | १४४७.०२ | - | ९७ | - | १५४४.०२ | - | १५४४.०२ | | - | ३५९५९.९८ | |
| ३)आ.व. २०६९/७०(म.ले.प.को प्रतिवेदन २०७०को थप ) | ३९००५ | - | ७७२२.११ | - | १८ | - | ७७४०.११ | - | ७७४०.११ | | - | ३१२६४.८९ | |
| जम्मा | ७८३४८ | | ९१६९.१३ | | ११५ | | ९२८४.१३ | | ९२८४.१३ | | | ६७२२३.८७ | ११.८४ |

विशेष विवरण

१.जम्मा वेरुजु मध्ये असुल गर्नु पर्ने :- ३२१७

२.जम्मा फछर्यौट मध्ये असुलउपर भई फछर्यौट :-

३.वेरुजु र फछर्यौटको विभागगत विवरण संलग्नछ ।

द्रष्टव्य :- समिति तर्फको छुट्टै पानामा उल्लेख गर्नु पर्नेछ ।

# नेपाल सरकार
## सहकारी तथा गरिबी निवारण मन्त्रालय
## २०७१ मंसिर महिना सम्मको
## विभागगत वेरुजु फछ्र्यौट प्रगति विवरण

रु. हजारमा

| विवरण | जम्मा वेरुजु लगत | सं.प.लाई लेखिगएको | संपरिक्षणवाट फर्छौट वेरुजु | | | | | | कुल जम्मा | सं.प.नभई फिर्ताप्राप्त | लेखिगए को मध्ये संप. हुन बाँकी | लेखि पठाउन बाँकी | फछ्यौंट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत महिना सम्म | | यो महिनाको | | जम्मा | | | | | | |
| | | | म.ले.प. का.वाट | कुमारीचोक तथा के.त.वाट | म.ले.प.का. वाट | कुमारीचोक तथा के.त.वाट | म.ले.प.कावाट | कुमारीचोक तथा के.त.वाट | | | | | |
| १.साबिक देखि आ.व. २०५९/६० (म.ले.प.को प्रतिवेदन २०६१ सम्मको) | | | | | | | | | | | | | |
| १- सहकारी तथा गरिबी निवारण मन्त्रालय | ० | - | - | - | - | - | - | - | - | - | - | - | |
| १-सहकारी विभाग | ० | - | - | - | - | - | | | | | | - | |
| ३- उच्च पहाडि गरिवी निवारण आयोजना | ८४० | - | - | | | | - | - | - | - | - | ८४० | |
| जम्मा | ८४० | - | | - | - | | | | | | | ८४० | |
| २) आ.व.२०६०/०६१ देखि आ.व.०६८/६९ (म.ले.प.को प्रतिवेदन २०६९ सम्मको) | | | | | | | | | | | | | |
| १- सहकारी तथा गरिबी निवारण मन्त्रालय | ० | - | ० | - | - | - | ० | - | ० | - | - | ० | |
| २- सहकारी विभाग | १९८० | १०५ | ८ | - | ९७ | - | ९७ | - | १०५ | - | - | १८७५ | ५.३% |
| ३- उच्च पहाडि गरिवी निवारण आयोजना | ३६५२३ | १३५१.०२ | ८८ | | | - | १३५१.०२ | - | १४३९.०२ | - | - | ३५०८३.९८ | |
| जम्मा | ३८५०३ | १३५९.०२ | ९६ | | ९७ | - | १४४८.०२ | - | १५४४.०२ | - | - | ३६९५८.९८ | |
| ३)आ.व.२०६९/७०(म.ले.प.को प्रतिवेदन २०७०को थप ) | | | | | | | | | | | | | |
| १- सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३०५५३ | - | ० | - | - | - | - | - | ० | - | - | ३०५५३ | |
| २- सहकारी विभाग | ५४७ | ३० | १२ | - | १८ | - | ३० | - | ३० | - | - | ५१७ | ५.४८% |
| ३- उच्च पहाडि गरिवी निवारण आयोजना | ७९०५ | ७७९०.११ | ७७९०.११ | - | | - | | - | ७७१०.११ | - | - | ६७०.९३ | ९८.५४% |
| जम्मा | ३९००५ | ७८०२.११ | ७८०२.११ | - | १८- | - | - | - | ७७५२.११ | - | - | ३१७४०.९३ | |
| साविक देखि २०६९/७० सम्मको कूल प्रगति विवरण | | | | | | | | | | | | | |
| १- सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३०५५३ | - | ० | - | - | - | - | - | ० | - | - | ३०५५३ | |
| २- सहकारी विभाग | २५२७ | १३५ | २० | - | ११५ | - | १३५ | - | २० | - | - | २५०७ | |
| ३- उच्च पहाडि गरिवी निवारण आयोजना | ४५२६८ | ९१४९.१३ | ९१४९.१३ | - | - | - | ९१४९.१३ | - | ९१४९.१३ | - | | ३६११८.८७ | २०.१९ |
| कुल जम्मा | ७८३४८ | ९१६९.१३ | ७८७८.११ | - | ११५ | - | ९२८४.१३ | - | ९२८४.१३ | - | - | ६९०६३.८७ | |

## सहकारी तथा गरिवी निवारण मन्त्रालय

## आ.ब.०७१।७२ को बिनियोजित बजेट

रु हजारमा

| सि.नं. | ब.उ.शि.नं. | कार्यालयको नाम | बार्षिक बिनियोजित बजेट | | | कार्यक्रम स्विकृत मिति | कार्यक्रम स्विकरृत गर्ने निकाय | अख्तियारी मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल सरकार | बैदेशिक | जम्मा | | | |
| १ | ३५२०११३ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | १५३९८३ | ० | १५३९८३ | २०७१।५।१९ | मन्त्रालयबाट | २०७१।४।७ |
| २ | ३५२०११४ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | १७९० | ० | १७९० | २०७१।५।१९ | मन्त्रालयबाट | २०७१।४।७ |
| ३ | ३५२०१७३ | सहकारी विभाग | १४२४२ | ० | १४२४२ | २०७१।५।१६ | रा.यो.आ.बाट | २०७१।४।७ |
| ४ | ३५२०१८३ | डिभिजन सहकारी कार्यालयहरु | १७३२८३ | ० | १७३२८३ | २०७१।५।१६ | रा.यो.आ.बाट | २०७१।४।७ |
| ५ | ३५२०१९३ | रा.स. विकास बोर्ड | ६०००० | ० | ६०००० | | रा.यो.आ.बाट | २०७१।४।७ |
| ६ | ३५२११३३ | सहकारी प्रशिक्षण केन्द्र | ३७३९० | ० | ३७३९० | २०७१।५।१६ | रा.यो.आ.बाट | २०७१।४।७ |
| ७ | ३५२११३४ | सहकारी प्रशिक्षण केन्द्र | १८४८५ | ० | १८४८५ | २०७१।५।१६ | रा.यो.आ.बाट | २०७१।४।७ |
| ८ | ३५२१३४३ | सहकारी क्षेत्र सुद्रीढीकरण आयोजना | १७७९७५ | ० | १७७९७५ | २०७१।५।१६ | रा.यो.आ.बाट | २०७१।४।७ |
| ९ | ३५२१३४४ | सहकारी क्षेत्र सुद्रीढीकरण आयोजना | ३६५३६ | ० | ३६५३६ | २०७१।५।१६ | रा.यो.आ.बाट | २०७१।४।७ |
| १० | ३५२८१३३ | पश्चिम उच्च पहाडी गरिवी निबारण आयोजना | १०९४०६ | ३९५७९८ | ५०५२०४ | २०७१।५।१६ | रा.यो.आ.बाट | २०७१।५।१५ |
| ११ | ३५२८१३४ | पश्चिम उच्चपहाडी गरिवी निबारण आयोजना | ६४ | ३३६ | ४०० | २०७१।५।१६ | रा.यो.आ.बाट | २०७१।५।१५ |
| | | जम्मा | ७८३१५४ | ३९६१३४ | ११७९२८८ | | | |

नोट: ब.उ.शि.नं. ३५२०१९३ को राष्टिय सहकारी बिकास बोर्डको शसर्त अनुदानको कार्यक्रम स्विकृतको क्रममा रहेको छ ।राष्टिय गौरबका आयोजनाहरु नभएको ।

# खर्चको फाँटवारी

| बजेट शिर्षक कोडः- ३५२०११३ | | | | | आ.व. | ०७१/०७२ | |
|---|---|---|---|---|---|---|---|
| बजेट शिर्षक नाम :- सहकारी तथा गरिबी निवारण मन्त्रालय | | | महिना :- मंसिर | | | | |
| महिनाको खर्च | मसान्त सम्मको निकासा | रकम नं. | शिर्षक | वार्षिक बजेट | मसान्त सम्मको खर्च | बाँकि वजेट | निकासा बाँकि |
| १०९५१७६ | | २११११ | तलब | १५००९०००. | ५९३१३९१. | ९०७७६०९. | |
| ४००००. | | २१११३ | महंगि भत्ता | ४५६०००. | १९२०९७. | २६३९०३. | |
| २६२४८४. | | २१११९ | अन्य भत्ता | २२६५०००. | ८८६४०५. | १३७८५९५. | |
| | | २११२१ | पोशाक | ३५३०००. | | ३५३०००. | |
| ३४६७०. | | २२१११ | पानी तथा बिजुली | १४२२०००. | ३९२२१७. | १०२९७८३. | |
| १०२३७८. | | २२११२ | संचार महसुल | ९४१०००. | १४३०१०. | ७९७९९०. | |
| २७००००. | | २२१२१ | घरभाडा | १६२००००. | ६७५०००. | ९४५०००. | |
| १३३४२६. | | २२२११ | ईन्धन | २८७९०००. | ९०८९६४. | १९७००३६. | |
| १८३५२७. | | २२२१२ | संचालन तथा मर्मत संभार | १८९४०००. | २८७४९५. | १६०६५०५. | |
| | | २२२१३ | बीमा | १६००००. | | १६००००. | |
| २५८७३. | | २२३११ | कार्यालय सम्बन्धि खर्च | २२०००००. | ३४३७१३. | १८५६२८७. | |
| | | २२३१३ | पुस्तक तथा सामग्रि खर्च | ३०००००. | | ३०००००. | |
| | | २२३१४ | इन्धन अन्य प्रयोजन | १९५०००. | | १९५०००. | |
| | | २२३२१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च | १७१००००. | | १७१००००. | |
| १३१८६००. | | २२४११ | सेवा र परामर्श खर्च | २७२०००००. | ९४०२२००. | १७७९७८००. | |
| ३०२४०८. | | २२४१२ | अन्य सेवा शुल्क | ५१७१०००. | १९३२८०९. | ३२३८१९१. | |
| | | २२५११ | कर्मचारी तालिम | ४५५०००. | | ४५५०००. | |
| | | २२५१२ | सिप विकास र जनचेतना तालिम तथा गोष्ठि | ६६५००००. | २७००००. | ६३८००००. | |
| १८८२७५. | | २२५२२ | कार्यक्रम खर्च | ७८४७६०००. | ४५६७३५. | ७८०१९२६५. | |
| ४९१०३८. | | २२६११ | अनुगमन मुल्यांकन खर्च | ३२६३०००. | ८२१८३३. | २४४११६७. | |
| १०५५०. | | २२६१२ | भ्रमण खर्च | ४०००००. | १०५५०. | ३८९४५०. | |
| ४०७६५. | | २२७११ | विविध खर्च | १०१५६८७. | २८४४६६. | ७३१२२१. | |
| | | २२५२९ | अन्य कार्यक्रम खर्च | ५०००००. | | ५०००००. | |
| ४४९९१७० | | यस महिनाको जम्मा | | १५४५३४६८७. | २२९३८८८५. | १३१५९५८०२. | |
| कोषको अवस्था | | | | | | | |
| यस महिना सम्मको निकासा | | | बैंकको नाम | बैंक खाता नं. | | | |
| जम्मा खर्च ; २२९३८८८५.०० | | | बैंक बाँकि :-०.०० | सापटी तिर्न बाँकिः-.०० | | | |
| जम्मा पेश्कि बाँकि :- ८६००००.०० | | | नगद बाँकि :-०.०० | सापटी आउन बाँकि :- .०० | | | |
| खुद खर्च पेश्कि कटाई :- २२०७८८८५.०० | | | जम्मा बाँकि ;- .०० | दाखिला बाँकि :- .०० | | | |
| तयार गर्ने | | | पेश गर्नेः- | सदर गर्ने | आले.प गर्नेः- | म.ले.प गर्नेः- | |